मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

आन्तरिक उत्पादनमा आधारित उपभोग बढाउन आवश्यकः अर्थमन्त्री

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक ७३ ● २०८२ साल माघ १३ गते मगलबार ● Tuesday 27, January 2026 ● सूर्योदयः बिहान ०६:५३ बजे ● सूर्यास्तः साँझ ५:४३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## ‘बेटा’ र ‘सेवक’ बनेर सेवा गर्न चाहन्छुः गगन थापा



**बख्तियार अलि**
**सर्लाही ।**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सर्लाही क्षेत्र नं. ४ बाट उम्मेदवारका रुपमा नामांकन दर्ता गराएपछि सोमबार पहिलोपटक निर्वाचन क्षेत्र सर्लाही–४ मा आइपुगेका छन् ।

काठमाडौँबाट सिमरा विमानस्थल हुँदै सर्लाही आएका थापालाई ठूलो संख्यामा पार्टीका समर्थक तथा कार्यकर्ताले फुलमाला अबिर लगाएर स्वागत गरेका थिए । ‘अबकी बार गगन सरकार’ भन्ने मुख्य नारासहित पार्टीका नेता तथा कार्यकर्ताले सभापति थापाको ‘जयजयकार’ नै गरेका थिए ।

धनकौल गाउँपालिकास्थित नेपाली कांग्रेस पार्टीको क्षेत्रीय कार्यालय धनकौल बजारमा समर्थक तथा कार्यकर्तालाई सम्बोधन गर्दै आफू सर्लाही क्षेत्र नं. ४ का जनताको बेटा र सेवक बनेर काम गर्ने थापाले बताए । चुनाव जितेपछि आगामी पाँच वर्ष यहाँका जनतासँगै बसेर शिक्षा, स्वास्थ्य, कृषिको विकासका लागि काम गरेर देखाउने सभापति थापाले प्रतिबद्धता व्यक्त गरे ।

‘अरु नेता जस्तो एकदिनका लागि मधेशको भाषामा सम्बोधन गर्दिनँ तर आउने दिनमा यहाँको संस्कार, भाषा, रहनसहन, सामाजिक रुपमा आफूलाई रुपान्तरण गरेर देखाउने छु,’ उनले भने, ‘उम्मेदवार बनेर आएपछि यहाँका जनताले देखाएको माया र उत्साहले थप ऊर्जा प्रदान गरेको छ ।’

थापाले मुलुकमा प्रजातन्त्र स्थापना र सुदृढीकरणमा मधेशको भूमिका अपरिहार्य रहेको बताए । उनले नेपाली राजनीतिमा मधेशले प्रजातन्त्रका लागि दिएको योगदान कहिल्यै बिर्सन नसकिने उल्लेख गरे । उनले कांग्रेसका दिवंगत नेता प्रदीप गिरीलाई स्मरण गर्दै मधेशले नेपालमा प्रजातन्त्र स्थापनाका लागि खेलेको ऐतिहासिक भूमिकाबारे आफू जानकार रहेको बताए ।

‘मधेशले कांग्रेसलाई लगाएको गुण, मधेशले नेपालको प्रजातन्त्रका लागि लगाएको गुण र मधेशले सिंगो नेपाललाई दिएको योगदान म राम्रोसँग जान्दछु ।

मैले पढेर र बुझेर आएको हुँ,’ उनले भने । आफूभित्र मधेशलाई आत्मसात नगरेसम्म कोही पनि पूर्ण नेपाली बन्न नसक्ने तर्क गर्दै उनले भने, ‘मधेशलाई मनभित्र राखेनौँ, आत्मसात गरेनौँ भने नेपाली पहिचान अधूरो हुन्छ ।’

**शिक्षामा चिन्ता, समाधानको प्रतिबद्धता**

सभापति थापाले मधेशको शिक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाउँदै गणित, विज्ञान र अंग्रेजी विषयमा मधेशका विद्यार्थी कमजोर हुँदै गएको उल्लेख गरे । यसको समाधान खोज्ने प्रतिबद्धता जनाउँदै उनले मधेशमा गणित, विज्ञान र अंग्रेजी शिक्षामा सुधार आवश्यक रहेको बताए ।

‘कुनै बेला मधेशका शिक्षकबिना पहाड र हिमालमा गणित–विज्ञानको कक्षा चल्दैनथ्यो,’ उनले भने, ‘सप्तरीका गणित शिक्षकले सोलुखुम्बुको पहाडमा गएर मेरा बाबालाई पढाउनुभयो, त्यसैले उहाँ इन्जिनियर बन्न सक्नुभयो ।’ तर अहिले अवस्था उल्टिएको उल्लेख गर्दै उनले भने, ‘इतिहास बोकेको मधेशमा आज गणित, विज्ञान र अंग्रेजीमा सबैभन्दा कमजोर विद्यार्थी देखिनु चिन्ताजनक छ । हिजो मैले यो प्रश्न संसद्मा उठाएँ, आज त्यसको उत्तर खोज्न यहाँ आएको हुँ । उत्तर पनि खोज्छु, समाधान पनि दिन्छु ।’

**सूचना प्रविधिसँग मधेशलाइ जोड्ने प्रतिवद्धता**

सभापति थापाले अबको १२–१५ वर्षमा नेपालको आम्दानीको मुख्य स्रोत सूचना प्रविधि हुने दाबी गर्दै त्यसका लागि बाल्यकालदेखि नै गणित र विज्ञानमा बलियो आधार आवश्यक रहेको बताए ।

‘सूचना प्रविधिमा सफल हुन केटाकेटी वेलादेखि नै गणित र विज्ञान जान्नुपर्छ,’ उनले जोड दिए ।

यसका लागि आफ्नो टिमले शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारका लागि काम गरिरहेको जानकारी दिँदै आगामी पाँच वर्षभित्र ठोस समाधान दिने प्रतिबद्धता जनाए ।

**मधेशप्रतिको राजनीतिक प्रतिबद्धता**

केही वर्षअघि हुलाकी राजमार्गको यात्रा गर्दा नै मधेश आउँछु र यहाँका जनताको प्रतिनिधित्व गर्छु भन्ने मनमा लागेको स्मरण गर्दै थापाले मधेशप्रति आफ्नो राजनीतिक प्रतिबद्धता दोहो¥याए ।

‘नेपालको प्रजातान्त्रिक आन्दोलनमा यति ठूलो योगदान दिएको, यति धेरै सहिद दिएको मधेशले सिंगो नेपालमा पाउनुपर्ने मान–सम्मान किन पाएन ?’ भन्ने प्रश्न आफूले पटक–पटक उठाएको उनले बताए ।

‘म प्रश्न मात्र उठाउने गरी होइन, त्यसको उत्तर खोज्ने र समाधान दिने गरी तपाईंहरूको प्रतिनिधि बन्न आएको हुँ,’ उनले भने ।

**काठमाडौँमा क्षेत्रीय कार्यालय खोल्ने घोषणा**

सभापति थापाले सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ का जनताको समस्या सुनुवाइ र समाधानका लागि काठमाडौँमा क्षेत्रीय कार्यालय स्थापना गर्ने घोषणा गरे । ‘अब निर्वाचन क्षेत्रका जनताले आफ्ना समस्या राख्न प्रतिनिधि खोज्दै भौतारिनु पर्दैन,’ उनले भने । सभापति थापाले सबैलाई आभार व्यक्त गरे । थापाले तीन दिन सर्लाहीको निर्वाचन क्षेत्र नं. ४ मै बसेर मतदातासँग प्रत्यक्ष भेटघाट गर्ने तालिका छ ।

सर्लाही–४ मा थापा यस क्षेत्रका निवर्तमान सांसद अमरेश कुमार सिंहसँग चुनावी प्रतिस्पर्धामा छन् । सिंह २०७० सालदेखि लगातार सोही क्षेत्रबाट निर्वाचित हुँदै आएका छन् भने यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट उम्मेदवार बनेका छन् ।

## अस्पतालबाट शव हरायो अर्कैले अन्त्यष्टि गरायो



**मधेशदृष्टि**
**सिरहा ।**

जब कोही मृतकको शव अस्पतालको मूर्दाघरबाटै हरायो भने के होला ? अनेक आशंका गरिन्छ, अंग निकाल्न दुरुपयोग भयो कि, कुनै अपराध लुकाउन पो यस्तो गरियो कि ? हो, यस्तै एउटा घटना पटाक्षेप भएको लहानस्थित प्रादेशिक अस्पतालमा ।

अस्पतालमा परीक्षणका लागि राखिएको शव लिएर अर्कैले अन्त्यष्टि गराएको घटना बाहिर आएको हो । गोलबजार नगरपालिका–३ जम्दहकी १६ वर्षीया निशा बानियाँको शव अस्पतालबाटै अर्कै परिवारले लिएर अन्त्यष्टि गरेका छन् ।

शनिबार आत्महत्या गरेको भनिएकी बानियाँको शव ‘पोष्टमार्टम’का लागि प्रादेशिक अस्पतालमा राखिएको थियो, तर अस्पतालले अर्कै परिवारलाई शव किन बुझायो ? प्रश्न यो हो ।

रोजगारीको सिलसिलामा विगत दुई वर्षदेखि भारतको मुम्बईमा रहेका मृतकका आमाबुबा छोरीको मृत्युको खबर सुनेलगत्तै नेपाल फर्किए । सोमबार बिहान छोरीको अन्तिम संस्कारका लागि शव लिन अस्पताल पुग्दा त्यहाँ शव फेला पारेनन् ।

अस्पताल प्रशासनसँग बुझ्दा सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरीको शव परीक्षणका लागि अस्पतालमा राखिएको र ती किशोरीका परिवारले आइतबार झुक्किएर शव लिएको र सोही दिन अन्त्येष्टिसमेत गरिसकेको खुलेको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जित झाले शव राख्ने क्रममा ‘कोडिङ’ नगरिएका कारण कर्मचारीबाट गल्ती भएको स्वीकार गरे । उनले भने, ‘यो अस्पताल प्रशासनको गम्भीर लापर्बाही हो, यसको छानबिन गरी दोषीलाई कारबाही गर्नेछौँ ।’

छोरीको अन्तिम पटक मुख देख्नसमेत नपाएपछि मृतकका बुबा पूर्णबहादुर बानियाँ भावविह्वल बने । भने, ‘छोरीलाई समयमै बचाउन सकिएन, सास हुँदा देख्न पनि पाइएन, कम्तीमा लास त हेर्न पाइएला कि भनेर अर्को देशबाट आयौँ तर अस्पतालको लापर्बाहीले त्यो पनि सम्भव भएन ।’

शव हराएको विरोधमा आक्रोशित आफन्त र स्थानीयले इलाका प्रहरी कार्यालय गोलबजार घेराउ गर्नुका साथै लहान अस्पताल परिसरमा विरोध प्रदर्शन गरेका छन् । त्यसक्रममा पूर्व–पश्चिम राजमार्ग अवरुद्ध गरी दोषीलाई कारबाही र न्यायको मागसमेत गरेका छन् ।

इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार पीडित परिवार, अस्पताल प्रशासन र सरोकार भएका पक्षबीच वार्ताबाट समस्या समाधानको प्रयास भइरहेको छ ।

## सिरहामा नौ र महोत्तरीबाट सात पूर्वमन्त्री चुनावी मैदानमा

**मधेशदृष्टि**
**वीरगंज ।**

आसन्न प्रतिनिधि सभामा मधेशमा साना ठूला ८ राजनीतिक दलका सभापति र अध्यक्षको मैदान बन्दा जिल्ला जिल्लामा पूर्वमन्त्रीहरु पनि चुनावी मैदानमा होमिएका छन् । सरकारी समाचार संस्था राससले सिरहामा ९ र महोत्तरीमा ७ पूर्वमन्त्री पनि चुनावी मैदानमा होमिएको समाचार प्रकाशमा ल्याएको छ ।

सिरहामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको रौनक बढेको छ । जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय राजनीतिको केन्द्रमा रहेका र मन्त्री भइसकेका नौ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् ।

विशेषगरी सिरहा क्षेत्र नं ४ मा पूर्वमन्त्रीहरूको बाक्लो उपस्थितिले यस क्षेत्रलाई सबैको चासोको केन्द्र बनाएको छ । सिरहा निर्वाचन क्षेत्र नं १ मा नेपाली कम्युनिष्ट पार्टीकातर्फबाट पूर्वसामान्य प्रशासनमन्त्री रामचन्द्र यादव र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट निवर्तमान युवा तथा खेलकुदमन्त्री रहेका बब्लु गुप्ताबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

त्यसैगरी क्षेत्र नं ३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट पूर्वकानूनमन्त्री लीलानाथ श्रेष्ठ र नेकपाबाट पूर्वशान्ति तथा पुनःनिर्माणमन्त्री विश्वनाथ साह चुनावी मैदानमा छन् । उनीहरु दुई पुराना र अनुभवी नेता भएकाले पनि उनीहरुबीचको प्रतिस्पर्धाले यहाँको चुनावी माहोललाई थप तताएको छ ।

सिरहा क्षेत्र नं ४ मा भने पाँच जना पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा छन् । यहाँ जनता समाजवादी पार्टी (जसपा) नेपालबाट पूर्वसूचना तथा सञ्चारमन्त्री राजकिशोर यादव, नेकपाबाट पूर्वन्याय तथा कानूनमन्त्री अजयशङ्कर नायक, र नेकपा (एमाले)बाट पूर्वसामान्य प्रशासनमन्त्री धर्मनाथप्रसाद साह मुख्य प्रतिस्पर्धीका रूपमा छन् ।

यसका साथै, जनमत पार्टीकातर्फबाट पूर्ववन तथा वातावरणमन्त्री वीरेन्द्र महतो र बहुजन शक्ति पार्टीका अध्यक्ष एवं पूर्वविज्ञान तथा प्रविधिमन्त्री विश्वेन्द्र पासवान पनि यसै क्षेत्रबाट प्रतिस्पर्धामा छन् ।

पुरानै र पटकपटक मन्त्री भइसकेका नेताको बाहुल्यता रहेको यस क्षेत्रमा नेपाली कांग्रेसले भने नयाँ अनुहारका रूपमा चन्द्रकला देवी यादवलाई अगाडि सारेको छ । त्यस्तै, यसै क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तपेश्वर यादवलाई आफ्नो उम्मेदवार बनाएको छ ।

यता, प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीमा सात पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । चार निर्वाचन क्षेत्र रहेको महोत्तरी क्षेत्र नं–१ बाट एक, क्षेत्र नं–२ बाट एक, क्षेत्र नं–३ बाट दुई र क्षेत्र नं–४ बाट तीन पूर्वमन्त्री चुनावी मैदानमा होमिएका छन् । जिल्लाको क्षेत्र नं १ बाट पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट चुनाव लडेका छन् । उनीसँगै यस क्षेत्रमा नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले चुनावी मैदानमा छन् ।

त्यस्तै क्षेत्र नं २ बाट पूर्वश्रम रोजगार तथा यातायातमन्त्री शरत्सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट चुनावी मैदानमा छन् । यो क्षेत्रमा नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले) का कासिम नदाफ पनि प्रतिस्पर्धा गर्दैछन् ।

त्यस्तै क्षेत्र नं–३ बाट पूर्वकृषिमन्त्री हरिनारायण यादव र पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान चुनावी मैदानमा छन् । यादवलाई जसपा नेपालले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । रिजवान नेपाल सङ्घीय समाजवादी पार्टीबाट चुनावी मैदानमा छन् । यो क्षेत्रमा स्वतन्त्र उम्मेदवार रामआधार कापर, नेपाली कांग्रेसका बजरङ्ग नेपाली, जसपा नेपालकी मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वलकुमार झा र नेकपा (एमाले) का मनोजकुमार सिंहसँग प्रतिस्पर्धा गर्दैछन् ।

त्यसैगरी निर्वाचन क्षेत्र नं ४ बाट पूर्वकृषिमन्त्री महेन्द्रकुमार राय, पूर्वस्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादव र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह चुनावी मैदानमा छन् । पूर्वमन्त्री महेन्द्रकुमारले नेपाली कांग्रेसबाट, डा सुरेन्द्र जसपा नेपालबाट र भरतप्रसाद नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट चुनाव लड्दैछन् । यस क्षेत्रबाट एमालेका उम्मेदवार निलम अधिकारी पनि चुनावी मैदानमा छन् ।

## मनाइयो भारतको गणतन्त्र दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**

मित्रराष्ट्र भारतको ७७ औँ गणतन्त्र दिवसको अवसरमा सोमबार वीरगंजस्थित भारतीय महावाणिज्य दुतावास कार्यालयमा झण्डोत्तोलन भएको छ ।



कार्यालय परिसरमा आयोजित कार्यक्रममा भारतीय महावाणिज्यदुत देवी सहाय मीणाले झण्डोत्तोलन गरेका थिए । कार्यक्रममा सुरक्षा अधिकारी, समाजसेवी, राजनीतिज्ञ, उद्योगी, व्यवसायीका साथै सञ्चारकर्मीको उल्लेखनीय उपस्थिति थियो ।

समारोहमा छात्रछात्राले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । यसैबीच महावाणिज्यदुत मीणाले विज्ञप्ति जारी गर्दै नेपालमा रहेका भारतीय समुदाय तथा भारतका मित्रहरूप्रति बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

महावाणिज्यदुत मीणाले भारत–नेपालबीचको ऐतिहासिक मित्रता, आपसी समझदारी र सहकार्यलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्दै शिक्षा, स्वास्थ्य, पूर्वाधार, संस्कृति तथा जनस्तरको सम्बन्ध विस्तारमा भारत सरकार निरन्तर सहयोगरत रहेको उल्लेख गरे ।

विज्ञप्तिमा भारतको गणतन्त्र दिवस लोकतान्त्रिक मूल्य, समावेशिता र विकासप्रतिको प्रतिबद्धताको प्रतीक भएको बताउँदै नेपाल–भारत सम्बन्ध दुवै मुलुकका नागरिकको हितमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गरिएको छ । महावाणिज्य दूत मीणाले शान्ति, समृद्धि र आपसी सहकार्यका लागि सबैमा शुभेच्छा प्रकट गरेका छन् ।

## पूर्वराजा ज्ञानेन्द्र जनकपुरमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**


पूर्वराजा ज्ञानेन्द्र शाह जनकपुर आइपुगेका छन् । उनी आइतबार नै जनकपुर आइपुगेका हुन् भने सोमबार (आज) साँझ ४ बजेतिर जनकपुर जनकपुरस्थित जानकी मन्दिरमा पूजापाठ गरेका छन् ।

जानकी मन्दिरमा दर्शन गरेर उनी पैदल यात्रा गर्दै पाँचसय मिटर टाढा रहेको राम मन्दिरमा दर्शन गर्न पुगेका थिए । साथै उनले नजिकै गरहेको राजदेवी मन्दिरको पनि दर्शन गरेका छन् । राजदेवीको दर्शनपछि साँझ गंगा सागरमा हुने गंगा आरतीमा पनि उनी सहभागी भएका छन् ।

जनकपुर पुग्दा उनको समर्थनमा नारा लगाइएको थियो । जानकी मन्दिर आसपासमा उनलाई स्वागत गर्नेहरूको भीड लागेको थियो । उनको आगमनसँगै जनकपुरमा सुरक्षा व्यवस्था समेत कडा पारिएको छ ।

# ओली–बस्नेतका अभिव्यक्तिले मधेशमा एमालेलाई कति असर गर्ला ?





**जनकपुरधाम ।**
नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पार्टीका सचिव महेश बस्नेतका पछिल्ला अभिव्यक्तिले मधेशी समुदायको भावनामा चोट पुगेको भन्दै मधेशमा चर्को आलोचना भइरहेको छ । प्रतिनिधिसभा निर्वाचनको मुखमै आएका यी अभिव्यक्ति संयोग मात्र हुन् कि सुनियोजित रणनीति, भन्ने विषयमा मधेशभर बहस सुरु भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र साह (बालेन)ले केही दिनअघि जनकपुरधाममा आयोजित सभालाई सम्बोधन गर्दै मैथिली भाषामा भनेका थिए, 'आइ एगो मधेशी छौरा प्रधानमन्त्री बनेवाला हैं, तइ लेल घण्टी मे भोट नइ दइ के हइ, सही लोग आबै हइ, तइ लेल मत दइ के हइ ।'

यसको नेपाली भावानुवाद गर्दा, 'आज मधेशको एउटा छोरा प्रधानमन्त्री बन्दैछ, त्यसकारण घण्टीमा भोट दिने होइन, सही मान्छे आउँदैछन्, त्यसका लागि मत दिने हो' भन्ने अर्थ लाग्छ ।

तर एमाले सचिव महेश बस्नेतले मैथिली भाषाको अर्थ नबुझी 'छौरा' शब्दलाई नेपाली भाषाको 'छाउरा'का रूपमा व्याख्या गर्दै बालेनको अभिव्यक्तिमाथि व्यंग्य गरेका थिए । मैथिली भाषामा 'छौरा' शब्दको अर्थ 'छोरा' वा 'केटो' हुने भए पनि त्यसलाई गलत अर्थ लगाएर प्रस्तुत गरिएको भन्दै मधेशी समुदाय आक्रोशित बनेको हो ।

यसैबीच, एमाले अध्यक्ष ओलीले एक टेलिभिजन अन्तर्वार्तामा भनेका थिए, 'झापाको दमक सफा नगरहरूमध्ये पर्छ, व्यवस्थित नगर हो । महोत्तरी, धनुषाजस्तो अवस्था होइन । त्योभन्दा धेरै एडभान्स छ । उन (बालेन) त्यो कल्चरबाट आएको मान्छे, यस कल्चरमा उनले गुइँठा बाल्न सिकाउनु हुन्छ कि के गर्नुहुन्छ, मलाई थाहा छैन । यो ठाउँ त धेरै एडभान्स छ ।'

ओलीको यस अभिव्यक्तिलाई मधेश र मधेशी समुदायको समग्र अपमानका रूपमा लिइएको छ । सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म एमालेको तीव्र आलोचना भइरहेको छ ।

विवाद चर्किएपछि एमालेका उपमहासचिव रघुवीर महासेठले शनिबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा प्रष्टीकरण दिए । मधेश र मधेशी समुदायलाई अपमान गर्ने कुनै नियत नरहेको दाबी गर्दै उनले सचिव महेश बस्नेतले माफी मागिसकेको जिकिरसमेत गरे ।

चर्को आलोचनापछि एमाले सचिव बस्नेतले सामाजिक सञ्जालमार्फत क्षमायाचना गरेका छन् । उनले लेखेका छन्, 'बालेन भाइले म मधेशको छौरा भनेको सन्दर्भमा मैले मैथिली भाषामा त्यसको अर्थ के लाग्छ भनेर सोधेको विषयलाई केही व्यक्तिहरूले गलत नियतले प्रचार गरेका छन् । म मधेश, मैथिली भाषा, संस्कृति र पहिचानलाई सधैँ सम्मान गर्ने व्यक्ति हुँ । यस क्रममा कसैलाई अनजानमा चोट पुगेको भए म क्षमायाचना गर्दछु ।'

ओली र बस्नेतका अभिव्यक्तिले मधेशमा एमालेको मतमा कस्तो प्रभाव पर्छ भन्ने विषयमा समेत चर्चा सुरु भएको छ । जनकपुरका राजनीतिक विश्लेषक ई. सत्यनारायण साह भन्छन्, 'एमाले नेताहरूका अभिव्यक्तिले मधेशी जनताको भावनामा चोट पुगेको छ ।


मधेशमा त्यतिकै पनि बालेनको इन्ट्रीपछि एमालेप्रति सकारात्मक वातावरण थिएन, यस्ता अभिव्यक्तिले मतदातालाई थप ठेस पुगेको छ ।'

उनका अनुसार, पार्टी अध्यक्ष स्वयम्ले मतदाताको आत्मसम्मानमा चोट पुग्ने अभिव्यक्ति दिएपछि त्यस्ता पार्टीलाई मतदान गर्ने मनस्थिति कमजोर हुनु स्वाभाविक हो । आइतबार जनकपुरधाममा बसेको एमाले मधेश प्रदेश समितिको बैठकमा पनि यो विषय उठेको थियो । बैठकमा सहभागी उम्मेदवारहरूले पार्टीका शीर्ष नेताका अभिव्यक्तिका कारण चुनावी क्षेत्रमा गाह्रो भइरहेको गुनासो गरेका थिए ।

एमाले मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलले यसलाई भाषागत त्रुटिका रूपमा व्याख्या गर्दै भने, 'सबैलाई सबै भाषाको ज्ञान हुँदैन । भाषाको कारणले यस्तो त्रुटि भएको हो, कसैलाई होच्याउने नियत होइन ।' उनका अनुसार, पार्टीले जनतामाझ यही सन्देश पु¥याइरहेको छ र यसले मत परिणाममा ठूलो असर नगर्ने विश्वास लिएको छ ।

यसअघि मधेश आन्दोलनका क्रममा एमाले नेताहरूले दिएका अभिव्यक्तिका कारण मधेशमा पार्टीलाई ठूलो क्षति पुगेको थियो । २०७४ को निर्वाचनमा त्यसको असर प्रत्यक्ष देखिएको थियो । पछि प्रधानमन्त्री बनेपछि ओलीले मधेशसँग सम्बन्ध सुधारको प्रयास गरे, जसको परिणामस्वरूप २०७९ को निर्वाचनमा एमालेले मधेशमा अपेक्षाकृत राम्रो मत पाएको थियो ।

तर चुनावको मुखमै आएका पछिल्ला अभिव्यक्तिले फेरि एकपटक मधेशमा एमालेको मत कमजोर हुने जोखिम बढ्दै गएको देखिन्छ ।



**मतपत्रको सुरक्षामा खटिएका नेपाली सेनाः** प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि मतपत्रको सुरक्षाका लागि खटिएका नेपाली सेना । सोमबारदेखि प्रत्यक्षतर्फको मतपत्र जनक शिक्षा सामग्री केन्द्र, भक्तपुरमा छापिँदै छ । तस्बिरः रासस

# 'गोल घर' संरक्षण गर्दै उद्योग वाणिज्य सङ्घ



**स्याङ्जा।**
पछिल्ला वर्षहरुमा गाउँ तथा सहरमा पक्की घर बन्दै गएका छन्। केही वर्षअघिसम्म विशेष गरी सहर बजारमा पक्की आधुनिक घर बन्ने गरेपनि पछिल्ला वर्षमा गाउँ गाउँमा पनि पुराना घर भत्काएर नयाँ पक्की घर बनाउने क्रम बढ्दो छ। बजार तथा गाउँ गाउँमा पक्की घर बन्नेक्रम बढ्दै गएपछि पुराना र लोप हुनलागेका वस्तुको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले वालिङ उद्योग वाणिज्य सङ्घले महोत्सवस्थलमा लोपोन्मुख घुमाउने (कुडुले) घर निर्माण गरेको वालिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष चेतनारायण श्रेष्ठले बताए।

'पुरानो पुस्ता गोल घरकाबारेमा जानकार हुनुहुन्छ, कतिपय बस्नुभएकै पनि होला,' उनले भने, 'समयको विकास र आधुनिकतासँगै पछिल्ला पुस्ताले यसप्रकारका घर देखेका छैनन्, हाम्रो परम्पराको संरक्षण र जगेर्ना गर्दै नयाँ पुस्तालाई पुरानो कला संस्कृति तथा परम्पराकाबारेमा जानकारी दिनका लागि गोल घर निर्माण गरेका हौँ।'

बाँस, खर, काठ, माटोको प्रयोग गरेर बनाइएको उक्त गोल घर नवौँ वालिङ महोत्सवको मुख्य आकर्षणकोरुपमा रहने भएको हो। खरले छाएका घर हराउँदै गएका बेला एकदमै पुरानो गाउँले परिवेशलाई झल्काउने उद्देश्यसहित गोल घर निर्माण गरिएको उनले बताए।

गाउँ गाउँमा पुरानो गोल घर हराएर गएकाले महोत्सवस्थलमा आउने दर्शकहरुको अवलोकनका लागि गोल घर (कुडुले) घर निर्माण गरिएको वालिङ उद्योग वाणिज्य सङ्घका सहकोषाध्यक्ष एवम् गोलघर निर्माण उपसमितिका संयोजक केशव पराजुलीले बताए। खरले छाएको गोलघर दुई तलाको रहने छ । घरको छानो र पाली खरैखरले छाएको छ।

'कुडुले घरभित्र विशेष गरी हाम्रा पुराना पुस्ताले प्रयोग गर्दै आएका सामग्री राखिने छ,' उनले भने, 'घरमा पुरानो जीवनशैलीलाई झल्को दिने खालका जातो, ढिकी, हलो जुवा, ठेको, छानामा फर्सी, कुभिण्डोलगायतका सामग्री राखेर सजाइने छ।'

घरको भित्तोलाई रातो र सेतो माटोले लपक्क लिपेर आकर्षक बनाइएको छ। घरभित्र, पिँढी तथा आँगनमा गोबर माटोले लिपिएको छ । वालिङ उद्योग वाणिज्य सङ्घले महोत्सवलाई लक्षित गरेर निर्माण गरेको गोल घरलाई महोत्सवपछि पनि संरक्षण गरेर राख्ने जनाएको छ। विसं २०६३ बाट प्रत्येक दुई/दुईवर्षमा वालिङ महोत्सव हुँदै आएको छ। यो नवौँ संस्करणको महोत्सव माघ १४ गतेदेखि २५ गतेसम्म सञ्चालन हुने भएको हो। महोत्सवको तयारी पूरा भएको छ।

# अन्तर्राष्ट्रिय भन्सार दिवसमा व्यवसायी र कर्मचारी सम्मानित

**मुस्ताङ ।**
नेपाल–चीन उत्तरी कोरलानाकास्थित लोमान्थाङ–२ छोसेरमा रहेको मुस्ताङ भन्सार कार्यालयले पहिलोपटक अन्तरराष्ट्रिय भन्सार दिवस मनाएको छ ।

आज यहाँ जोमसोममा एक कार्यक्रम गरी ७४ औँ अन्तरराष्ट्रिय भन्सार दिवस मनाएको हो । कार्यक्रममा कार्यालयका कम्प्युटर अपरेटर ओमप्रकाश महतोलाई सम्मान गरिएको छ । कठिन भूगोलमा रहेर लगनशील र कर्तव्यनिष्ट भएर सेवाग्राहीमैत्री कार्यसम्पादन गरेको भन्दै उनलाई भन्सार विभागले सम्मान अर्पण गरेको हो ।

कार्यक्रममा पुस मसान्तसम्म यहाँबाट धेरै मूल्यको मालवस्तु निकासी गर्ने अष्ठ मङ्गल प्राइभेट कम्पनी र पैठारी गर्ने मेनल्यान्ड सिपिङ एण्ड लजिस्टिक



कम्पनीलाई सम्मान गरिएको थियो ।

यहाँबाट गत भदौ ३१ गतेदेखि हालसम्म साइमेक्स इन्क प्रालिले चार अर्ब २३ करोड ४२ लाख रुपैयाँको मालवस्तु पैठारी गरेको र निकासीतर्फ अष्टा मङ्गल कम्पनीले छ करोड ५६ लाख ९४ हजार रुपैयाँ बराबरको कारोबार गरेको कार्यालयले जनाएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अजिता शर्माले भन्सार कार्यालयलाई थप गतिशील र सेवामैत्री तुल्याउन आवश्यक रहेको बताए । भन्सार सेवालाई थप प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउँदै थप सुधार गनुपर्ने र त्यसका लागि प्रविधिमा जोड दिनुपर्ने उनको भनाइ थियो ।

यहाँ माथिल्लो मुस्ताङस्थित न्हेचुङमा २०१३ सालमा भन्सार कार्यालय स्थापना भएको बताए । कार्यालयका निमित्त भन्सार प्रमुख रमेश खड्काले पछिल्लो समय सडक स्तरोन्नितिसँगै नाकालाई पूर्ण रूपमा सञ्चालनमा ल्याइएपछि राजस्व वृद्धिका साथै व्यवसायीलाई समेत निकै सहज भएको बताए ।

कार्यक्रममा व्यवसायी प्रभु अधिकारी, मुस्ताङ उद्योग वाणिज्य सङ्घका सचिव तिलक विकलगायतले नाका पूर्ण सञ्चालनमा आए पनि व्यवस्थापनमा अझै सुधार गर्दै जानुपर्ने आवश्यकता औँल्याए । भदौ ३१ गतेबाट पूर्ण रूपमा सञ्चालनमा आएको यस नाकाबाट हालसम्म पाँच अर्ब ५४ करोड तीन लाख रुपैयाँ राजस्व सङ्कलन गरिएको निमित्त प्रमुख खड्काले जानकारी दिए ।

# महिला पर्यटन व्यवसायीको क्षमता अभिवृद्धि गर्न तालिम

**गण्डकी।**
महिला पर्यटन व्यवसायीको क्षमता अभिवृद्धिका लागि आजदेखि पोखरामा तीन दिने तालिम आयोजना गरिएको छ । पर्यटन व्यवसायी महिला सङ्घ, नेपाल (टेवान) को आयोजना एवं नेपाल पर्यटन बोर्डको सहयोगमा तालिम आयोजना गरिएको हो।

पर्यटन व्यवसायमा क्रियाशील महिलाको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने मूल लक्ष्यका साथ आयोजित तालिममा ८५ जना महिला पर्यटन व्यवसायी सहभागी रहेको टेवानका अध्यक्ष शोभा पाण्डेले जानकारी दिइन्। पोखरामा टेवानमा आबद्ध १६२ जना महिला पर्यटन व्यवसायी रहेको जानकारी दिँदै उनले पछिल्ला समयमा पर्यटन व्यवसायतर्फको आकर्षण बढिरहेको बताइन्।

तालिमको पहिलो दिन आज डा आरती रेग्मीले व्यक्तित्व विकास सम्बन्धमा सहजीकरण गर्दै शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धमा आफ्नो प्रस्तुति राखेकी थिइन्। तालिमको दोस्रो दिन भोलि व्यवसाय प्रवद्र्धन र 'ब्रान्डिङ' सम्बन्धमा समिर बराल र डिजिटल मार्केटिङ सम्बन्धमा विजय कुमालले तालिम दिने तालिम संयोजक मीना बरालले जानकारी दिइन्। तेस्रो दिन साइबर अपराध र अनलाइन ठगी सचेतना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले सहजीकरण गर्ने कार्यक्रम छ। तालिमको उद्घाटन गर्दै नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका वरिष्ठ निर्देशक मणिराज लामिछानेले तालिममा गरिने लगानीले व्यवसाय प्रवद्र्धनमा सहयोग पुग्नुपर्ने धारणा राखे । पर्यटन व्यवसायी महिलाको सवलीकरणका लागि आवश्यकताका आधारमा अन्य शीर्षकमा पनि बजेट विनियोजन गर्ने उनले प्रतिबद्धता जनाए।

पोखरा पर्यटन परिषद्का सचिव नारायणप्रसाद सुवेदीले तालिमबाट लाभ लिएर व्यावसायिक जीवनमा उतार्न सहभागीलाई आग्रह गरे । टेवानका संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्रीले शारीरिक र मानसिक रुपमा स्वस्थ हुँदा मात्रै व्यवसायमा पनि सफल हुन सकिने भएकाले यस्ता तालिम फलदायी हुने बताए।

# विद्यार्थीलाई दिवाखाजाका लागि खाद्यान्न

**मधेशदृष्टि**
**हेटौँडा ।**
क्युवानिज इन्टरनेशनल, क्युवानिज क्लब अफ हेटौँडा नेपाल, हेटौँडा मोडेल अस्पतालको संयुक्त प्रायोजनमा विद्यार्थीलाई दिवा खाजाका लागि खाद्यान्न सहयोग गरिएको छ ।

हेटौँडा उपमहानगरपालिका वडा नम्बर १९ को बिगट गाउँ लेकपानीस्थित जीवनज्योति आधारभूत विद्ययालयका विद्यार्थीहरुको भोकको कारणले पठनपाठनमा बाधा नहोस् भन्ने उद्देश्यले संस्थाहरुले बिगत २ वर्षदेखि खाद्यान्न, विद्यालय पोशाक, स्कुल ब्याग सहयोग गर्दै आएको संस्थाका प्रतिनिधि



कमलचन्द्र सुमनले जानकारी दिए ।

अति बिकट गाउँ र बिपन्न परिवारका बालबालिका गरिबीका कारण भोकै स्कुल आउन बाध्य छन् । कैयौँ बालबालिकाका अभिभावक गरिबीका कारण वैदेशिक रोजगारीको लागि भन्दै बिदेशिन बाध्य भएकाले घरमा बृद्धअवस्थाका हजुरबुबा–हजुरआमा छन् । उनीहरुको रेखदेखमा बालबालिका हुर्किरहेका छन्, अर्को समस्या चरम अभाव गरिबीका कारण पनि लालनपालनमा समस्या भएकाले स्कुलमै दिवा खाजाको व्यवस्था गरिँदै आएको सुमनले बताए । खाजाका लागि प्रतिबालक १५ रुपैयाँका दरले दैनिक व्यवस्था सरकारले गरेको भए पनि त्यो पर्याप्त नभएको विद्यालयले जनाएको छ ।

# राजदूतावासमा मनाइयो भारतको ७७औँ गणतन्त्र दिवस

**काठमाडौँ।**
नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरुको सहभागितामा आज काठमाडौँस्थित भारतीय राजदूतावासमा भारतको ७७ औँ गणतन्त्र दिवस मनाइएको छ । कार्यक्रममा कार्यवाहक राजदूत डा राकेश पाण्डेले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेर कार्यक्रम शुभारम्भ गरिएको थियो। तत्पश्चात ७७ औँ गणतन्त्र दिवसको पूर्वसन्ध्यामा भारतका राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रका नाममा गर्नुभएको सम्बोधनको भिडियो प्रस्तुत गरिएको थियो।

कार्यवाहक राजदूत पाण्डेले भारतीय सशस्त्र बलका दिवङ्गत



सैनिकका श्रीमती र निकटतम् नातेदारलाई सम्मान गर्नुका साथै सात करोड २० लाख रुपैयाँ बराबरको एजीआइएफ (आर्मी ग्रुप इन्स्योरेन्स फन्ड) चेकहरु हस्तान्तरण गरेका थिए।

कार्यक्रममा विगत एक वर्षमा भारत–नेपाल सम्बन्धमा भएको महत्वपूर्ण प्रगतिलाई समेटिएको भिडियो प्रस्तुत गरिएको थियो। यस अवसरमा राजदूतावासमा रहेको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थी तथा शिक्षकहरूका साथै नेपाली कलाकारहरूले समेत नृत्य र साङ्गीतिक प्रस्तुति दिएका थिए।

# एसबी ट्रेडिङमा प्रहरीको छापा

# २५ लाखभन्दा बढिको सामान बरामद



**मधेशद्दष्टि**
**वीरगंज ।**
वीरगन्ज महानगरपालिका वडा नम्बर ७ रेल्वे रोडस्थित एसबी ट्रेडिङमा प्रहरीले छापा मारेर २५ लाख रुपैयाँ भन्दा बढी मूल्यको सामान बरामद गरेको छ । रेल्व रोडस्थित एक घरमा विकास गोयल सञ्चालक रहेको एसबी ट्रेडिङको गोदाममा वडा प्रहरी कार्यालय वीर्ताबाट खटिएको प्रहरी टोलीले छापा मारेर बिलबिजक शंकास्पद रहेको करिब २५ लाख रुपैयाँ भन्दा बढी मूल्य बराबरको विभिन्न सामान बरामद गरेको हो । गोदामबाट बेलुन, ब्याण्डेज, तास, पेन्सिल, रबर, गुच्चा, इरेजर, लाइटर लगायतका सामान दुई ट्रक बरामद गरिएको वडा प्रहरी कार्यालय बीर्ताका प्रहरी निरीक्षक बिक्रम सुबेदीले जानकारी दिए ।
बरामद सामान जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाइएको र थप अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

# चार निर्वाचन क्षेत्रमा ७ जना महिला उम्मेदवार

**मधेशद्दष्टि**
**सप्तरी ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरीको चारवटा निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ सात जना महिला राजनीतिकदलको टिकट लिएर उम्मेदवार बनेकी छन् ।
जिल्लाको क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुष्पा चौधरी र नागरिक उन्नमुक्ति पार्टीबाट टिका लक्ष्मी चौधरी, क्षेत्र नम्बर २ मा नेपाल जनता पार्टीका तर्फबाट पूर्व सांसद रञ्जु कुमारी ठाकुर र नेपाल मजदुर किसान पार्टीबाट निलम कुमारी यादव, क्षेत्र नम्बर ४ मा नेपाली कम्युनिष्ट पार्टीबाट रुबी कुमारी कर्ण, जनता समाजवादी पार्टी नेपालबाट बबि सिंह यादव र आम जनता पार्टीबाट अनिता कुमारी चौधरी उम्मेदवार बनेकी हुन् ।
क्षेत्र नम्बर ३ मा भने कुनै राजनीतिक दलले महिलालाई उम्मेदवार बनाएन । प्रत्यक्षतर्फ १०२ जना उम्मेदवार मध्ये २० महिला चुनावी प्रतिस्पर्धामा होमिएकोमा सातजना राजनीतिक दलबाट र बाँकी १३ जना स्वतन्त्र उम्मेदवारी दिएकी छिन् ।

# इनर्वा दक्षिण टोलमा सरार्फको घरदैलो

**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर–१ बाट जनमत पार्टीका प्रतिनिधि सभा सदस्यका उम्मेदवार ओमप्रकाश सरार्फले वीरगंज महानगरपालिका–१६, इनर्वा दक्षिण टोलमा घरदैलो तथा भेटघाट कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रमका क्रममा स्थानीयवासीहरूले फूलमाला र नाराबाजीसहित सरार्फको स्वागत गरेका थिए ।
जनसहभागिता उल्लेखनीय रहेको जनाउँदै आयोजकले वडा नम्बर–१६ मा जनमत पार्टीप्रति समर्थन बढ्दै गएको बताएका छन् । स्थानीयसँग संवाद गर्दै सरार्फले विकास र परिवर्तनका लागि ‘हर्न’ छापमा मतदान गर्न आह्वान गरे । कार्यक्रममा पार्टीका विभिन्न नेताहरूको पनि सहभागिता रहेको थियो ।

# रौतहटमा ५४१ मतदान केन्द्र

**मधेशद्दष्टि**
**रौतहट ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि रौतहट जिल्लामा ५४१ मतदान केन्द्र निर्धारण गरिएको छ । जिल्ला निर्वाचन कार्यालय रौतहटका अनुसार जिल्लाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रअन्तर्गत १५७ वडामा २७७ मतदान स्थल र ५४१ मतदान केन्द्र कायम गरिएको हो ।
सो मध्ये १५२ मतदान केन्द्र अति संवेदनशील, १०० संवेदनशील र २७ मतदान स्थल सामान्य रहेको जिल्ला निर्वाचन अधिकारी छोटेलाल दासले बताएका छन् । रौटहत जिल्लामा कुल ४ लाख ३६ हजार ६११ मतदाता रहेका छन् । तीमध्ये २ लाख ४० हजार २६७ जना पुरुष, १ लाख ९६ हजार ३४३ जना महिला साथै १ जना अन्य मतदाता रहेका छन् ।

# दलित अभियन्तादेखि राष्ट्रिय सभा सदस्यसम्म



**रौतहट ।**
विगत ३५ वर्षदेखि दलित समुदायको हकअधिकारका क्षेत्रमा वकालत गर्दै आएका धर्मेन्द्र पासवान राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका छन् । नेपाली कांग्रेसको तर्फबाट दलित ‘क्लष्टर’बाट उम्मेदवारी दर्ता गराएका पासवान आइतबार सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा निर्वाचित भएका हुन् । उनले सात हजार ९०४ मतभार प्राप्त गरेका थिए । उनका प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका रामनन्द प्रसादले एक हजार ३७६ जनता समाजवादी पार्टीकी चमेली देबी दासले २०९ मतभार प्राप्त गरेका थिए । निर्वाचित पासवानले नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनको तर्फबाट उम्मेदवारी दर्ता गराएका थिए ।
उनी लामो समयदेखि नेपाली कांग्रेसमा आबद्ध थिए । नेता पासवानले बाल्यकालदेखि नै समाजमा व्याप्त विभेद, अन्याय र बहिष्करण विरुद्ध आवाज उठाउँदै आएका हुन् । रौतहट परोहा नगरपालिका–३ का पासवानले राजनीति शास्त्रमा स्नातक गरेका छन् । साधारण परिवारमा जन्मिएका भएका पासवानले बाल्यकालमै दलित समुदायले भोग्दै आएको पीडा, अपमान र अवसरको अभाव नजिकबाट अनुभव गरेका थिए ।
यही अनुभवले पद र प्रतिष्ठाभन्दा माथि उठेर दलित हकअधिकार, सामाजिक न्याय र समावेशी लोकतन्त्रको स्थापनाका लागि निरन्तर आफूलाई सङ्घर्षरत रहेको उनको भनाइ छ । पासवानले विभिन्न गैरसरकारी संस्थामार्फत समाजसेवामा उल्लेखनीय योगदान पु¥याएबापत अन्तरराष्ट्रियस्तरका पुरस्कार प्राप्त गरेका छन् । हाल उनी दलित सङ्घको केन्द्रीय महासचिवको जिम्मेवारीमा पनि छन् । दलित समुदायको हकअधिकारका लागि आफू निरन्तर सङ्घर्षरत रहेपनि सोचे जस्तो उपलब्धि प्राप्त गर्न नसकेको उनको गुनासो छ । दलित समुदायको आर्थिक समाजिक विकासका लागि अझै पनि निस्वार्थ भएर लडिरहने उनको प्रतिबद्धता छ । पासवानले राष्ट्रिय सभामा गएर पनि दलित समुदायको उत्थानका लागि आवाज बुलन्द गर्ने प्रतिक्रिया दिए । म दलितको मुद्दालाई राष्ट्रियसभा मार्फत उठाउनेछु उनले भने, ‘दलित मुक्तिको आन्दोलनमा जहाँ रहेर भएपनि सधैँ मेरो सहभागिता, समर्थन रहनेछ ।’ उनको जीवनशैली सरल, अनुशासित र जनमुखी रहेको नेपाली कांग्रेस मधेस प्रदेशका प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ताले बताए । ‘आर्थिक रूपमा सामान्य पृष्ठभूमिबाट आएका पासवान विलासी जीवनभन्दा जनताको सेवामा रमाउने नेताका रूपमा चिनिन्छन्’ गुप्ताले भने, ‘उच्च सोच, कम अपेक्षा र दृढ इमानदारी उनको पहिचान हो ।’ रासस

# उम्मेदवार चौरसिया

# दुर्घटनामा परि घाइते

**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ बाट नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अजयकुमार चौरसिया दुर्घटनामा परेर घाइते भएका छन् । उनी निकट स्रोतका अनुसार वीरगंजस्थित आफ्नै घरको कम्पाउण्डमा राखिएको इट्टामा चिप्लिएर लड्दा चौरसियाको देब्रे खुट्टाको घुँडामुनिको भाग भाँचिएको हो ।
दुर्घटनापछि उनलाई तत्काल वीरगंजस्थित सीता अस्पतालमा उपचारका लागि लगिएको थियो ।
अस्पताल स्रोतका अनुसार आवश्यक उपचार तथा पलस्तर गरेपछि उनी घर फर्किसकेका छन् । हाल चौरसियाको अवस्था सामान्य रहेको र चिकित्सकको सल्लाहअनुसार घरमै आराम गरिरहेको स्रोतले जनाएको छ ।
दुर्घटनापछि समर्थक तथा शुभेच्छुकहरूले उनको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

# लागुऔषध सहित

# एकजना पक्राउ

**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिकाबाट ठूलो परिमाणको लागुऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरी टोलीले ठोरी गाउँपालिका–४, विशाल चोक निवासी ३४ वर्षीय सुरेश श्रेष्ठलाई उनकै घरबाट पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा गरिएको खानतलासीका क्रममा ५५ केजी गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका श्रेष्ठमाथि लागुऔषधसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी जिल्ला अदालत पर्साबाट १० दिनको म्याद थप भई थप अनुसन्धान भइरहेको छ ।
प्रहरीका अनुसार गाँजा घरभित्र लुकाइछिपाइ राखिएको अवस्थामा फेला परेको हो ।

# गगन थापा निर्वाचन क्षेत्रमा

**मधेशद्दष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सोमबार आफ्नो निर्वाचन क्षेत्र सर्लाही–४ पुगेका छन् । थापा काठमाडौंबाट सिमरा विमानस्थल हुँदै दिउँसो सर्लाही पुगेका हुन् । उनको स्वागत पूर्व–पश्चिम राजमार्गअन्तर्गत बागमती कर्मैयामा नेताआर कार्यकर्ताले भव्य रूपमा गरेका थिए ।
स्वागतपछि थापाले मुर्तिया स्थित मुक्तेश्वर मन्दिरमा दर्शन गरी निर्वाचन क्षेत्र–४ तर्फ प्रस्थान गरेका थिए । पार्टी सभापतिमा निर्वाचित भएपछि पहिलोपटक मधेश पुगेका थापालाई मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव, स्वास्थ्य मन्त्री जंगीलाल राय, नेपाली कांग्रेस मधेस प्रदेशका उपसभापति वीरेन्द्रप्रसाद सिंह, जिल्ला सभापति डा. सरोज कुमारसहित हजारौं नेताआर कार्यकर्ताले स्वागत गरेका थिए ।

# फरार अभियुक्त पक्राउ

**मधेशद्दष्टि**
**वीरगंज ।**
पाँच वर्ष कैद सजाय तोकिएको एकजना फरार कसुरदारलाई प्रहरीले पक्राउ गरको छ । पक्राउ पर्नेमा, वीरगंज महानगरपालिका–२० बस्ने ३१ वर्षीय अविनाश चौधरी भन्ने सुशीलकुमार सिंह रहेका छन् ।
उनले २०६७ फागुन २२ गते साविक वीरगंज उपमहानगरपालिका–१२ मा साविक वीरगंज उपमहानगरपालिका–१३ घर भएका गणेश सरार्फलाई धारिलो हतियार बन्चरो प्रहार गरी घाइते बनाएको अभियोग छ ।
ज्यान मार्ने उद्योग तथा डाँकासम्बन्धी कसूर मुद्दामा पर्सा जिल्ला अदालतबाट उनलाई ५ वर्ष कैद तोकिएको छ । सिंहलाई शनिबार वीरगंज–२० स्थित सडकबाट प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

# निःशुल्क रेबिज

# खोप शिविर

**मधेशद्दष्टि**
**सिमरा ।**
रेबिज रोगको नियन्त्रण र न्यूनीकरण गर्ने उद्देश्यले जीतपुरसिमरा उपमहानगरपालिकाले निःशुल्क रेबिज खोप शिविर सञ्चालन गर्न लागेको छ । उपमहानगरपालिकाको पशुपन्छी विकास शाखाको आयोजनामा बाराका विभिन्न वडामा चरणबद्ध रूपमा खोप शिविर सञ्चालन गरिने जनाइएको छ ।
पशुपन्छी विकास शाखाका प्रमुख डा. सुबाश झाले घरपालुवा कुकुर र बिरालालाई निःशुल्क रेबिज खोप उपलब्ध गराइने जानकारी दिए । जारी गरिएको कार्यतालिका अनुसार माघ १२ गते देखि माघ २३ गते निःशुल्क रेबिज खोप शिविर सञ्चालन हुनेछ । अधिकांश वडामा खोप शिविर वडा कार्यालय परिसरमै सञ्चालन गरिने जनाइएको छ ।
पशुपन्छी विकास शाखाले सम्बन्धित सबै वडाबासीलाई आफ्ना घरपालुवा कुकुर तथा बिरालालाई तोकिएको मिति, समय र स्थानमा अनिवार्य रूपमा ल्याई खोप लगाउन आग्रह गरेको छ ।

# भन्सार दिवसको अवसरमा प्रभातफेरी

**मधेशद्दष्टि**
**वीरगंज ।**
७४ औँ अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभाग तथा वीरगंज भन्सार कार्यालयको आयोजनामा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ ।
वीरगंज भन्सार कार्यालयका प्रमुख कृष्णप्रसाद मैनालीको नेतृत्वमा निकालिएको प्रभातफेरी भन्सार कार्यालय परिसरबाट सुरु भई मितेरी पुलसम्म पुगेर पुनः भन्सार कार्यालयमै आएर समापन भएको थियो ।
कार्यक्रममा भन्सार कर्मचारी, किलियरिङ एजेन्ट संघ, वीरगंज उद्योग वाणिज्य संघका प्रतिनिधि, सुरक्षाकर्मी तथा अन्य सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो । आयोजकका अनुसार प्रभातफेरीमार्फत भन्सार प्रशासनको भूमिका, राजस्व संकलन, व्यापार सहजीकरण र मुलुकको आर्थिक विकासमा भन्सारको महत्वबारे जनचेतना फैलाउने उद्देश्य रहेको छ ।
अन्तर्राष्ट्रिय भन्सार दिवस प्रत्येक वर्ष विश्वभर मनाइँदै आएको छ ।

# स्कुले बसको ठक्करबाट बालिकाको मृत्यु

**मधेशद्दष्टि**
**वीरगंज ।**
बारा जिल्लाको कलैया घर भई नवलपरासीको केउरेनीमा अध्यायनरत एक बालिकाको स्कुल बसको ठक्करबाट ज्यान गएको छ । देवचुली नगरपालिका–१ केउरेनीमा आफै पढने विद्यालय बसको ठक्करबाट चार वर्षीय बालिकाको मृत्यु भएको हो ।
मृत्यु हुने बारा जिल्ला कलैया नगरपालिका–६ स्थायी घर भई हाल देवचुली–१४ छत्तिसघरे बस्ने बिबु पासवानको चार वर्षीय छोरी सुश्माकुमारी पासवान रहेको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ । नेपाल नमुना मावि केउरेनीको लु १ क ३८१४ को बसले ठक्कर दिँदा सोही विद्यालयमा कक्षा नर्सरीमा अध्ययनरत चार वर्षीय बालिकाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का प्रहरी उपरीक्षक युवराज खड्काले बताए ।
विद्यालय हाताभित्र बस घुमाउने क्रममा बसको ठक्करबाट गम्भिर घाइते बालिकालाई उपचारको लागि देवचुली नगर अस्पताल लगिएकामा चिकित्सकले मृत घोषित गरेको नवलपरासीका प्रहरी उपरीक्षक युवराज खड्काले बताएका छन् । ठक्कर दिने बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिइएको छ ।

# ‘एचपिभी’ खोप अभियान

# दुई चरणमा सञ्चालन हुँदै




**सिरहा ।**
पाठेघरको मुखको क्यान्सरबाट जोगाउने उद्देश्यले सिरहामा किशोरीलाई लक्षित गर्दै ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) विरुद्धको खोप अभियान दुई चरणमा सञ्चालन गरिने भएको छ ।
स्वास्थ्य कार्यालय सिरहाकी खोप निरीक्षक सुनिता कँडेलका अनुसार पहिलो चरणमा यही माघ २५ देखि आगामी फागुन २ गतेसम्म आठ स्थानीय तहमा खोप अभियान सञ्चालन हुनेछ भने दोस्रो चरणमा आगामी फागुन ४ देखि १० गतेसम्म बाँकी नौवटा पालिकामा अभियान सञ्चालन गरिनेछ ।
‘गत वर्ष जिल्लाभर करिब नौ प्रतिशत छात्रा एचपिभी खोपबाट छुटेका थिए । यस पटक ती सबैलाई समेट्ने गरी अभियान सञ्चालन गर्न लागिएको हो,’ खोप निरीक्षक कँडेलले बताए । उनका अनुसार विद्यालय छाडेका ११ देखि १४ वर्ष उमेर समूहका बालिका पनि यस अभियानमा समावेश गरिनेछन् ।
अभियानअन्तर्गत कक्षा ६ मा अध्ययनरत छात्रा, विद्यालय बाहिर रहेका १० वर्ष पूरा भई ११ वर्ष ननाघेका बालिका तथा गत वर्षको खोप अभियानमा छुटेका कक्षा ७ देखि १० सम्मका छात्रालाई लक्षित गरिएको छ ।
लहान नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार लहान नगरपालिकामा गत वर्षको खोप अभियानमा दुई प्रतिशत छात्रा खोपबाट वञ्चित भएका थिए ।
खोप अभियानलाई प्रभावकारी बनाउन आज लहान नगरपालिकाले पालिकास्तरीय खोप समन्वय समितिको एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । त्यसैगरी मङ्गलबार स्थानीय स्वास्थ्य स्वयंसेविकाको उपस्थितिमा वडास्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरिने स्वास्थ्य शाखाले जनाएको छ । रासस

# वीरगंज नाका हुँदै

# सामान आयात बढ्यो




**वीरगंज ।**
वीरगंज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रू चार खर्ब ३८ अर्ब २१ करोड मूल्यका वस्तु तथा सामान आयात भएको छ । गत आवको छ महिनाका तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै हुने आयात १५ दशमलव ३० प्रतिशतले बढी आयात भएको हो । जबकी गत आवको छ महिनामा भने रू तीन खर्ब ८० अर्ब छ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएको थियो । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको छ महिनामा यो नाका हुँदै हुने आयातमा उल्लेखनीय वृद्धि भएको बताए । चालु आवको छ महिनामा रू ९० अर्ब छ करोड मूल्यको पेट्रोलियम पदार्थको आयात भएको छ ।
रू ३९ अर्ब तीन करोड मूल्यपर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । चालु आवको छ महिनामा रू ३० अर्ब एक करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन् भने रू २७ अर्ब ७२ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।
सोही अवधिमा २४ अर्ब ६१ करोड मूल्य पर्ने ‘इलेक्ट्रिक मेसिनरी’, उपकरण र तिनका पार्टपुर्जा आयात भएका छन् । त्यस्तै रू १९ अर्ब चार करोड मूल्य पर्ने कपडाहरु आयात भएका छन् । रासस

## सम्पादकीय

# सरुवा कि सत्ताको सौदाबाजी ?

मधेश प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयले गरेको कर्मचारी सरुवालाई मातहतका मन्त्रालयले अस्वीकार गर्नु सामान्य प्रशासनिक असहमति होइन । मन्त्रालयले हाजिरी नगराउन परिपत्र नै जारी गर्नु भनेको सरकारभित्रै सरकार चलिरहेको स्पष्ट प्रमाण हो । यो घटनाले मधेश प्रदेश सरकारको अनुहार होइन, नाङ्गोपन सार्वजनिक गरिदिएको छ । संविधान र कानूनले मुख्यमन्त्रीलाई सरकारको प्रमुख कार्यकारी मानेको छ । तर मुख्यमन्त्री कार्यालयको निर्णय मन्त्रालयले मान्दैन भने प्रश्न उठ्छः मुख्यमन्त्री नामका मात्रै हुन् कि निर्णय गर्ने शक्ति अरू कसैको हातमा छ ? सरकार एउटै हो कि गुट–गुटमा विभाजित सत्ता केन्द्रहरूको भीड ? यो विवादले मधेश प्रदेश सरकारभित्र गहिरो आन्तरिक सत्ता संघर्ष चलिरहेको संकेत गर्छ ।

मन्त्रीहरू मुख्यमन्त्रीको आदेश अस्वीकार गर्न सक्ने हैसियतमा छन् भने सरकार अनुशासनविहीन मात्र होइन, नेतृत्वविहीन अवस्थामा पुगेको स्पष्ट हुन्छ । गठबन्धनको दबाब, दलभित्रको शक्ति खेल र व्यक्तिगत स्वार्थले सरकारलाई बन्धक बनाएको देखिन्छ । सबैभन्दा गम्भीर प्रश्न कर्मचारी सरुवामा रकम चलखेल को हो।

मधेश प्रदेशमा कर्मचारी सरुवा 'प्रशासनिक प्रक्रिया' भन्दा धेरै आर्थिक कारोबार का रूपमा बुझिँदै आएको यथार्थ हो । सरुवा रोकियो, उल्टियो वा अस्वीकार भयो भने स्वाभाविक रूपमा प्रश्न उठ्छ । कसको सौदा नमिलेको हो ? प्रमाण सार्वजनिक नभए पनि घटनाक्रम आफैँमा शंकास्पद छ।

यसले कर्मचारीतन्त्रमा खतरनाक सन्देश दिएको छः सरकारी निर्णय पालना गर्नुपर्दैन, राजनीतिक पहुँच भए पुग्छ । यस्तो वातावरणमा सुशासनको कुरा गर्नु विडम्बना मात्र हो। कर्मचारी सेवा प्रवाहभन्दा शक्ति केन्द्र धाउन बाध्य हुन्छन्, र अन्ततः जनता प्रशासनिक अराजकताका सिकार बन्छन् । यो प्रकरणले देखाएको छ कि मधेश प्रदेश सरकार नीति र सिद्धान्तले होइन, सहमति, सौदाबाजी र सेटिङ ले चलिरहेको छ । यदि मुख्यमन्त्री कार्यालय आफ्नै निर्णय कार्यान्वयन गराउन असमर्थ छ भने सरकारको वैधतामाथि नै प्रश्न उठ्छ । अब सरकारसँग दुई विकल्प मात्र बाँकी छन् । एक, निष्पक्ष छानबिन गरेर सरुवा प्रक्रियालाई पारदर्शी बनाउने।

अथवा, मौन बसेर स्वीकार गर्ने कि मधेश प्रदेश सरकार नामको सरकार, कामको अराजकता मा सीमित भइसकेको छ। मधेशले यस्तो सरकारको अपेक्षा गरेको थिएन।

# नदीजन्य पदार्थको उत्खनन्ः राजस्वको आधार कि विपत्तिको द्वार

**इन्द्राकुमारी केसी/रासस**

सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जिल्ला भौगोलिक रूपमा चुरे र तराईको सङ्गम क्षेत्रमा पर्दछन् । यही भू–संरचनाका कारण यहाँका नदीहरूले वर्षायाममा पहाडबाट ठूलो परिमाणमा ढुङ्गा, गिट्टी र बालुवा बगाएर तराई क्षेत्रमा ल्याउने गर्छन् । कर्णाली, मोहना, खुटिया, पथरैया, शिवगङ्गा, गौरीगङ्गा, बनरा, गुलरा, गोदावरी तथा कञ्चनपुरतर्फ महाकाली, चौधर र जोगबुढा जस्ता नदीहरू नदीजन्य पदार्थका प्रमुख स्रोत हुन्।

यी नदीहरूले बगाएर ल्याउने ढुङ्गा, गिट्टी र बालुवा स्थानीय तहका लागि महत्वपूर्ण आम्दानीको स्रोत बनेका छन् । सडक, भवन, पूर्वाधार निर्माणका लागि अपरिहार्य यी सामग्रीले स्थानीय सरकारको राजस्व बढाउन महत्वपूर्ण योगदान दिँदै आएका छन् । यही सम्भावनालाई व्यवस्थित गर्न सरकारले 'नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा ढुवानीसम्बन्धी मापदण्ड, २०७७' लागू गर्दै उत्खननको अधिकार स्थानीय तहलाई दिएको छ।

मापदण्डको मूल उद्देश्य अनियन्त्रित उत्खनन रोक्दै स्रोतको दिगो उपयोग, पारदर्शिता कायम गर्नु र राजस्व अभिवृद्धि गर्नु हो तर कानुनी व्यवस्था हुँदाहुँदै पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण बन्दै गएको छ । विकास र आम्दानीको नाममा गरिएको अव्यवस्थित उत्खनन्ले नदी बहाव, बस्ती, खेतीयोग्य जमिन, वन क्षेत्र र चुरे भूभागमा जोखिम निम्त्याइरहेको छ।

**बदलिँदै नदीको धार, बढ्दै कटानको जोखिम**

कैलालीको धनगढी उपमहानगरपालिका–२ का डम्बर सुनारको जमिन मोहना नदी किनारसँगै जोडिएको छ । पछिल्ला वर्षहरूमा मोहना नदीमा भइरहेको उत्खनन्का कारण नदीको प्राकृतिक बहाव परिवर्तन हुँदै गएपछि उहाँ चिन्तित हुनुहुन्छ। नदी बस्तीतर्फ ढल्किँदा डुबान र कटानको जोखिम दिन प्रतिदिन बढ्दै गएको उहाँको भनाइ छ। नदीलाई खोल्न उत्खनन आवश्यक हुन्छ, सुनार भन्नुहुन्छ, 'तर उत्खनन्सँगै तटबन्धको काम पनि हुनुपर्छ । उत्खनन् बन्द गर्नुपर्छ भन्ने होइन तर हाम्रो बस्ती जोगिनु पर्‍यो।'

स्थानीयका अनुसार यहाँ गरिएको उत्खनन्ले मोहना नदीको प्राकृतिक स्वरूपमा ठूलो परिवर्तन ल्याएको छ। नदीबीच भागबाट बग्नुपर्ने बहाव एकतर्फी रूपमा बस्तीतर्फ मोडिँदै गएको छ। यसले नदी किनारका खेतबारी कटान हुन थालेका छन् भने बर्खायाममा डुबानको खतरा झनै बढ्दै गएको छ। स्थानीय तथा नदी तटबन्धन समितिका सचिव वीरेन्द्र भाट कटान नियन्त्रणका लागि आवश्यक पूर्वतयारी नगरी उत्खनन् गरिएको बताउनुहुन्छ । 'तटबन्ध नगरी गरिएको उत्खनन्ले बस्ती नै उठ्ने जोखिम बढाएको छ,' उहाँ भन्नुहुन्छ, 'कटान भइरहँदा पनि सम्बन्धित निकाय मौन बसेको छ।'

लामो समयदेखि उठेको स्थानीय गुनासो र दबावपछि एक साताअघि मात्रै सो क्षेत्रमा उत्खनन् रोकिएको छ । स्थानीय खडकबहादुर बोहरा तटबन्ध नगरेसम्म पुनः उत्खनन् सुरु गर्न नदिने बताउनुहुन्छ। समस्या मोहना नदीमा मात्र सीमित छैन। कैलालीको घोडाघोडी नगरपालिका–९ मा पर्ने कान्द्रा खोलामा पनि यस्तै समस्या छ।

स्थानीयवासी सीमा रतोकी भन्नुहुन्छ, 'जथाभाबी उत्खनन हुँदा खोलाको धार परिवर्तन भई खेतबारी र बस्ती नजिकै कटान बढ्दै गएको छ। पहिले खोलाको धार टाढा थियो, वर्षेनी खेत कटान हुँदै गएको छ।' चुरे र तराईको सङ्गम क्षेत्रमा पर्ने कैलालीका गोदावरी, खैराना, खुटिया, कान्द्रा, मोहना र कर्णाली नदी लगायतका अधिकांश नदी तथा खोलानालामा अव्यवस्थित उत्खनन भइरहेको स्थानीय बताउँछन्। यसले नदी प्रणालीसँग जोडिएका बस्ती, कृषि जमिन र भौतिक संरचनालाई दीर्घकालीन जोखिममा पारेको छ।

**चुरेमा पहिरो, तराईमा बाढी**

जथाभावी नदीजन्य पदार्थ उत्खनन्को असर तराई क्षेत्रमा मात्र सीमित छैन। यसको असर चुरे क्षेत्रसम्म गहिरो रूपमा फैलिएको छ। यसले चुरे पहाडको कमजोर भू–संरचना थप अस्थिर बनाउँदै मानव बस्ती नै जोखिममा पार्न थालेको छ। कान्द्रा उपजलाधार नागरिक सञ्जालका सह–संयोजक मोहन विकका अनुसार अव्यवस्थित र अवैज्ञानिक उत्खनन्कै कारण कैलालीको मोहन्याल गाउँपालिका–५ अन्तर्गत पर्ने रजेगडा गाउँ नै पहिरोको उच्च जोखिममा छ।

उहाँका अनुसार रजेगडा जिल्ला कै सबैभन्दा बढी पहिरोको जोखिम भएको क्षेत्रका रूपमा चिनिन्छ । 'हामी चुरेको डाँडामा बसोबास गर्छौं, जहाँ जमिनको बनावट आफैँ कमजोर छ,' विक भन्नुहुन्छ, 'तर त्यसलाई बेवास्ता गर्दै ट्र्याक्टर र अन्य सवारी साधनहरू गाउँको छेउसम्मै पुगेर नदीजन्य पदार्थ उत्खनन् गरिरहेका छन् ।' यसरी उत्खनन गर्दा पहाडको प्राकृतिक सन्तुलन बिग्रँदै गएको र सामान्य वर्षामा समेत पहिरो जाने खतरा बढेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, 'संवेदनशील चुरे क्षेत्रमा नियमित अनुगमन र कडाइका साथ नियन्त्रण हुनुपर्ने भए पनि अनुगमन टोली नै नपुग्ने अवस्था छ।'

डिभिजन वन कार्यालय पहलमानपुरका प्रमुख जनक पाध्याका अनुसार नदी उत्खननले जलाधार प्रणालीसँग प्रत्यक्ष सम्बन्ध राख्छ । 'चुरे क्षेत्रको अव्यवस्थित नदीजन्य पदार्थ उत्खनन्का कारण माटो थाम्ने क्षमता कमजोर बन्छ, जसको असर मध्य र तल्लो तटीय क्षेत्रमा कटान, डुबान तथा बाढीको जोखिम बढ्छ,' पाध्याले भन्नुभयो। नदीको माथिल्लो भाग चुरे क्षेत्रमा अव्यवस्थित उत्खनन हुँदा माटो थाम्ने क्षमता घट्छ, जसको असर मध्य तटीय क्षेत्रमा कटानका रूपमा देखिन्छ भने तल्लोतटीय क्षेत्रमा बाढी, डुबान र पटानको समस्या देखापर्छ । कतिपय उब्जाउ जमिन बालुवाको बगरमा परिणत हुने पाध्या बताउनुहुन्छ। उहाँका अनुसार चुरे क्षेत्रको तल फेदीमा जथाभावी उत्खनन् गर्दा भूस्खलनको सम्भावना उच्च हुन्छ, जसले दीर्घकालीन रूपमा भू–क्षय र प्राकृतिक संरचनामा क्षति पु¥याउँछ।

**कतै रोक, कतै उत्खनन् आवश्यक**

चुरे क्षेत्र अत्यन्त संवेदनशील भएकाले त्यहाँ अत्यधिक उत्खनन् गर्न नमिल्ने भए पनि कञ्चनपुरका केही स्थानमा भने बस्ती जोगाउनका लागि नियन्त्रित उत्खनन् आवश्यक देखिन्छ। महाकाली नदी ठूलो नदी प्रणाली भएकाले त्यससँग जोडिएका भिमदत्त नगरपालिका क्षेत्रका साना–ठूला खोलामा आवश्यक मात्रामा उत्खनन् नगरिए बस्तीहरू जलमग्न हुने जोखिम रहेको जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहरा बताउनुहुन्छ । 'अहिले पनि खोलाहरू बस्ती आउन तयारी अवस्थामा छन्,' उहाँ भन्नुहुन्छ, 'यहाँका साना–ठूला नदीहरूमा उत्खनन् गरेकै कारण धेरै बस्ती जोगिएका छन् ।' नदीजन्य पदार्थ देश विकासको महत्वपूर्ण स्रोत भए पनि यसको सही सदुपयोग हुन नसकेको उहाँको भनाइ छ। पाँच वर्षका लागि भारतसँग सहकार्य गरी नदीजन्य पदार्थ निर्यात गर्न सकिए आर्थिक लाभसँगै नदीको सतह गहिरो बनाइ बहावलाई बिच भागमै कायम गर्न सकिने उहाँको सुझाव छ । महाकाली नदीमा थुप्रिँदै गएको सिल्ट (लेदो) समयमै उत्खनन् गरी नदीको बिच भागबाट बहाव कायम गर्न आवश्यक रहेको भिमदत्त नगरपालिका–१३ का वडाध्यक्ष रामबहादुर बोहरा बताउनुहुन्छ । "सिल्ट सफा नगरिए नदी बस्तीतर्फ ढल्किने जोखिम छ," उहाँ भन्नुहुन्छ। उहाँका अनुसार महाकालीमा निर्माण भएको चार लेन पुलको संरचनाले पनि भिमदत्त नगरपालिका–११, १२ र १३ का करिब एक हजार पाँच सयदेखि दुई हजार परिवार विस्थापनको जोखिममा परेका छन्।

**उत्खनन्को विवाद अख्तियारदेखि अदालतसम्म**

नदीजन्य पदार्थ उत्खननसँग जोडिएका समस्या वातावरणीय जोखिममै सीमित छैनन् । आर्थिक अनियमितताको आरोप पनि सतहमा आउन थालेका छन्। कैलालीको कैलारी गाउँपालिकामा बालुवा उत्खनन्बाट सङ्कलित रोयल्टी रकममा हिनामिना भएको आरोप लागेको छ । वडा नं ९ अन्तर्गत घुराहा नदीका विभिन्न घाटबाट उत्खनन् हुँदै आएको बालुवाको रोयल्टी गाउँपालिकाले आफैँ कर्मचारी राखेर सङ्कलन गर्दै आएको थियो । उत्खनन्का क्रममा अनियमितता भएको भलमन्सा लौटन चौधरी बताउनुहुन्छ। आर्थिक वर्ष २०८०–८१ र २०८१–८२ मा कोइलही–सामरचौरा घाट र गदरिया घाटका लागि खटाइएका रोयल्टी सङ्कलकहरूले एकै नम्बरका रसिद प्रयोग भएको बताएका छन्। 'धेरै ठेलीमा एउटै नम्बरको रसिद हुन्थ्यो,' रोयल्टी सङ्कलक लाहुराम चौधरी भन्नुहुन्छ, 'मेरो काम त रसिद काट्ने मात्रै थियो ।' अख्तियारमा उजुरी परेपछि त्यहाँ उत्खनन बन्द गरिएको छ।

कैलालीको घोडाघोडी नगरपालिकामा यसवर्ष वैध नदीजन्य पदार्थ उत्खनन बन्द छ। नगरपालिकाले उत्खनन्का लागि आह्वान गरेको बोलपत्र छ करोड ४१ लाख ८४ हजार रुपैयाँमा एचबी बिल्डर्सले पाए पनि समयमै रकम जम्मा हुन नसक्दा सम्झौता रद्द गरिएको नगर प्रमुख खडक रावत बताउनुहुन्छ। धरौटी रकम फिर्ताको माग गर्दै ठेकेदारले अदालतमा मुद्दा दायर गरेपछि वैध उत्खनन् रोकिएको हो । यही अवस्थाको फाइदा उठाउँदै कतिपय स्थानमा अवैध उत्खनन् भइरहेको छ । अवैध उत्खनन्को नियन्त्रणका लागि अनुगमन बढाइएको नगर प्रमुख रावतको भनाइ छ । सर्वोच्च अदालतको फैसला केही दिनअघि आइसके छ। पुनः सम्झौता पनि गर्न सकिने र धरौटी फिर्ता पनि गर्न सकिने भन्दै पनि स्पष्ट कार्यदिशा नआएकाले छलफल जारी रहेको उहाँ बताउनुहुन्छ।

**कमजोर नियमन, सीमित अधिकार**

नदीजन्य पदार्थ उत्खनन्का लागि जिल्ला समन्वय समितिको संयोजकत्वमा रहेको अनुगमन समितिले शर्त पालना भए–नभएको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ तर मापदण्ड विपरीत उत्खनन् भइरहेको अवस्था भेटिने गरेको जिल्ला समन्वय समिति कैलालीका प्रमुख टिका चौधरी बताउनुहुन्छ । 'कतै अनुमति क्षेत्रभन्दा बाहिर उत्खनन् भएको भेटिन्छ,' उहाँ भन्नुहुन्छ, 'कतै तोकिएको भन्दा बढी गहिराइमा उत्खनन गरिएको हुन्छ ।' नदीको प्राकृतिक बहाव, तटबन्ध, वन क्षेत्र र सीमावर्ती संरचनालाई असर नपर्ने गरी मात्रै उत्खनन् हुनुपर्ने बताउँदै उहाँ भन्नुहुन्छ, 'मापदण्ड विपरीत उत्खनन गर्नेलाई कारबाहिका सिफारिस गर्ने गरेका छौँ।'

यता जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराका अनुसार नदीजन्य पदार्थ उत्खनन्का क्रममा कुनै पनि कानुन वा कार्यविधिको अक्षरशः पालना भएको अवस्था देखिँदैन। हालको कार्यविधिअनुसार ठूला नदीहरूमा एस्काभेटरलगायत भारी उपकरण प्रवेश गराउन नपाइने व्यवस्था छ । तर कञ्चनपुरको महाकाली नदीमा समयमै उत्खनन् नगरे पूर्वी र पश्चिमी तटमा बाढीको जोखिम बढ्ने अवस्था रहेको उहाँ बताउनुहुन्छ । 'महाकाली नदीबाट करिब एक लाख घनमिटर नदीजन्य पदार्थ हटाउनुपर्ने आवश्यकता महसुस गरिएको छ,' बोहराले भन्नुभयो, 'यति ठूलो परिमाण मानवीय श्रमबाट मात्र सम्भव हुँदैन।'

अन्य नदीहरूको तुलनामा महाकाली नदीमा ढिलो गरी उत्खनन सुरु हुने गर्दछ । यस्तो अवस्थामा व्यवसायीहरूले उत्खनन गरेको नदीजन्य पदार्थ भण्डारण गर्न उपयुक्त स्थान आवश्यक पर्छ । हालको प्रावधान अनुसार भण्डारण गर्न खोज्दा उपयुक्त स्थान भेटाउँदैनन्। प्रावधानअनुसार भण्डारण गर्न नसक्दा स्थानीय तहले स्टक प्रमाणित नगर्ने समस्या देखिन्छ, जसले व्यवसायीहरूमा निराशा र उदासीनता बढाएको उहाँको भनाइ छ। यी व्यावहारिक समस्यालाई मध्यनजर गर्दै कार्यविधि संशोधन आवश्यक रहेको बोहरा बताउनुहुन्छ। अनुगमनका सन्दर्भमा पनि चुनौती रहेको उहाँ बताउनुहुन्छ। 'हामीसँग भएको जनशक्ति र साधन स्रोतले नियमित अनुगमन गर्न सम्भव छैन,' बोहराले भन्नुभयो, 'खोलानालामा पुग्नका लागि उपयुक्त सवारी साधनसमेत छैनन्। प्रायः पुराना र थन्किएका गाडीहरू उपलब्ध गराइन्छन्, त्यस्ता साधनबाट प्रभावकारी अनुगमन कसरी सम्भव हुन्छ, उहाँ भन्नुहुन्छ ।'

बोहराका अनुसार अनुगमन जिल्ला समन्वय समितिका लागि बाध्यकारी समेत होइन। साथै, मापदण्ड विपरीत उत्खनन गर्नेलाई प्रत्यक्ष कारबाही गर्ने समितिसँग अधिकार नहुँदा समस्या थप जटिल बनेको छ । जिल्ला समन्वय समितिले मापदण्ड विपरीत कार्य गर्नेहरूलाई कारबाहीका लागि सिफारिस गर्ने अधिकार मात्र राख्दछ । कतिपय अवस्थामा स्थानीय तह आफैँ ठेकेदारलाई नदीजन्य पदार्थ उत्खनन्को ठेक्का दिनुपर्ने दबाबमा रहने गरेको बताउँदै उहाँ भन्नुहुन्छ, 'त्यस्तो अवस्थामा स्थानीय तहले कारबाही प्रक्रिया अघि बढाउन कठिनाइ हुने गर्दछ।'

**दिगो र वैज्ञानिक उत्खनन् आवश्यक**

नदीजन्य पदार्थ उत्खनन विकास निर्माणका लागि आवश्यक भए पनि दिगो, वैज्ञानिक र पारदर्शी रूपमा नगरे यसले गम्भीर वातावरणीय सङ्कट निम्त्याउन सक्ने भू तथा जलाधार व्यवस्थापन कार्यालयका विज्ञ किशोर अर्याल बताउनुहुन्छ। उहाँका अनुसार मापदण्ड विपरीत गरिने उत्खनन् विकासको साधनभन्दा बढी विपद्को कारण बन्ने जोखिम रहन्छ। 'नदी भन्नासाथ जलाधार प्रणालीसँग यसको गहिरो सम्बन्ध जोडिन्छ,' अर्याल भन्नुहुन्छ, 'उत्खनन्को प्रभाव चुरे, मध्यतटीय र तल्लोतटीय क्षेत्रमा फरक–फरक रूपमा देखिन्छ।'

उहाँका अनुसार चुरे क्षेत्रमा अत्यधिक उत्खनन हुँदा पहिरो, माटो क्षय र भू–क्षय बढ्छ। मध्यतटीय क्षेत्रमा नदी कटान तीव्र भई गाउँ बस्ती तथा खेतीयोग्य जमिन जोखिममा पर्छन् भने तल्लोतटीय क्षेत्रमा बाढी, डुबान र पटानको समस्या थप गम्भीर बन्न सक्छ । अर्यालले नदी प्रणालीको विस्तृत अध्ययन गरी आवश्यक मात्रामा, वैज्ञानिक आधारमा र एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुसार नदीजन्य पदार्थ उत्खनन् गर्नुपर्नेमा जोड दिनुभयो।

डिभिजन वन कार्यालय पहलमानपुरका प्रमुख जनक पाध्याका अनुसार नदीजन्य पदार्थ उत्खनन्ले सकारात्मक र नकारात्मक दुवै प्रकारको प्रभाव पार्दछ । तर वैज्ञानिक अध्ययन र मापदण्डको पालना नगरी गरिने उत्खननले वातावरणीय सन्तुलनमा गम्भीर असर पुग्ने उहाँको भनाइ छ। नदीमा आश्रित जलचर तथा अन्य जैविक प्रणालीमा प्रत्यक्ष प्रभाव पर्नुका साथै जलचरको प्रजनन् चक्रसमेत खल्बलिने जोखिम रहने उहाँ बताउनुहुन्छ।

अवैध उत्खननका कारण नदीमा निर्माण गरिएका पुल, बाँध तथा अन्य संरचनामा समेत गम्भीर असर पर्ने पाध्या बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'गहिरो गरी उत्खनन गर्दा संरचनागत कमजोरी बढ्छ वर्षायाममा पुल भत्किने, बाँध क्षतिग्रस्त हुने र त्यसबाट मानवीय क्षति हुने जोखिम उच्च रहन्छ।' कैलाली र कञ्चनपुरको अवस्थाले स्पष्ट देखाउँछ, नदीजन्य पदार्थ उत्खनन् आर्थिक रूपमा महत्त्वपूर्ण स्रोत भए पनि अव्यवस्थित भयो भने यही स्रोत विपद्को कारण बन्न सक्छ । विज्ञ, वन कार्यालय, स्थानीय सरकार र समुदायबीच समन्वय गर्दै दिगो, वैज्ञानिक र पारदर्शी उत्खनन् प्रणाली अवलम्बन गर्न सके मात्र नदीबाट समृद्धि सम्भव छ, अन्यथा जोखिम झनै गहिरिँदै जानेछ।

# दल र उम्मेदवारका 'एजेण्डा' माथि मतादाताको चासो

**नारायण न्यौपाने/अशोक घिमिरे**

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन आउन ३८ दिन बाँकी रहँदा अधिकांश उम्मेदवार मतदातालाई विश्वास लिई चुनावी परिणाम आफ्नो पक्षमा पार्न निर्वाचन क्षेत्र पुगिसेका छन्।

मुलुकमा विशेष परिस्थितिका कारण यसपटक हुन लागेको आमनिर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरू के–कस्ता 'एजेन्डा' लिएर आउँछन् र कसरी प्रस्तुत हुन्छन् भन्ने विषयमा आममतदाता विभिन्न अड्कलबाजी गरिरहेका छन्।

अघिल्ला निर्वाचनको तुलनामा यसपटक पुराना दल र नयाँ दल, पुराना उम्मेदवार र नयाँ उम्मेदवारका विषयमा सहर र गाउँमा मात्रै होइन, चोक र चिया पसलमा समेत आ–आफ्नो कोणबाट चर्चापरिचर्चा गरिरहेको पाइन्छ । कसिलो बन्दै गएको निर्वाचन आचारसंहिता र प्रविधिको बढ्दो प्रयोगका कारण अहिले चुनाव प्रचारमा 'डिजिटल शैली' अपनाउन थालिएको छ।

जसले गर्दा विगतमा आमसभामार्फत आफ्ना एजेन्डा प्रस्तुत गर्ने र उठेका विषयवस्तुबारे स्पष्ट पार्ने कार्य अहिले सामाजिक सञ्जाल दह्रिलो माध्यम बनेको छ। उम्मेदवारहरूले भौतिक रूपमा सम्भव नभएको अवस्थामा सामाजिक सञ्जाललाई नै चुनाव प्रचारको माध्यम बनाएका छन्।

औपचारिक रूपमा आगमी फागुन ३ देखि १८ गतेसम्म मात्रै निर्वाचन प्रचारप्रसार गर्न पाइन्छ। उम्मेदवारी दर्ता भएका दिनदेखि नै उम्मेदवारहरू आ–आफ्नो ढङ्गले मतदातासँगको साक्षात्कारमा पुगेका छन्।

नेपाली कम्युनिष्ट पार्टीका नेता एवं सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नं २ का उम्मेदवार माधव सापकोटा उम्मेदवारलाई मतदातालाई कसरी खुसी पार्ने भन्ने दबाबका बीच विधायिकाको भूमिका पनि बुझाउने प्रयासमा रहेको बताउनुहुन्छ।

'सहरी क्षेत्रका मतदाता परिवर्तन, सुशासनलगायत मुद्दामा केन्द्रित हुनुन्छ भने ग्रामीण क्षेत्रमा त्यहाँको पूर्वाधार र विकास निर्माणमा जोड छ । कानून निर्माणको विषयमा कम चासो व्यक्त भएको छ,' मतदातासँगको साक्षात्कारमा रहनुभएका नेता सापकोटाले भन्नुभयो।

उहाँका अनुसार नवपुस्ताले विभिन्न समृद्ध मुलुकसँग तुलना गरेर उम्मेदवारसँग प्रश्न गर्ने गरेका छन् । नयाँ पुस्ताको तीव्र परिवर्तनको चाहनालाई सम्बोधन गर्नुपर्छ । सो क्षेत्रमा स्वतन्त्र र राजनीतिक दलका गरी १० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

'अघिल्लो र अहिलेको निर्वाचन नितान्त नयाँ पृष्ठभूमिमा हुन लागेकाले यो निरन्रता मात्रै नभई विशेष प्रकृतिको निर्वाचन हो, अघिल्ला निर्वाचन निरन्ततामा नियमितता थियो। यो आकस्मिकता र विशेष परिस्थितिमा भएको हुन लागेको छ,' उहाँले भन्नुभयो।

मतदाता परिवर्तन र सक्षम उम्मेदवार छनोटको 'मुड'मा रहेको आफूले पाएको नेता सापकोटाले बताउनुभयो। 'वर्षौंदेखि कुनै पार्टीमा आबद्धता भएका मतदाता पनि उम्मेदवारलाई हेरेर मतदान गर्छौं भन्ने विचारमा हुनुहुन्छ,' उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता एवं मकवानपुर निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बर्तौलाले मतदातासँगको अन्तरक्रियामा पाँच वर्षका लागि निर्वाचित गरेर पठाएकामा ३२ महिना पुग्दा नपुग्दै पुनः निर्वाचनमा फर्कने स्थिति कसका कारण बन्यो भनेर जिज्ञासा राख्ने गर्नुभएको बताउनुभयो।

उहाँका अनुसार विगतका तुलनामा पछिल्लो समय निर्वाचित जनप्रतिनिधिहरू बेलाबखत गाउँ फर्केर जनताका माझमा पुग्ने अवस्थालाई मतदाताले सकारात्मक रूपमा लिएका छन् । 'सैद्धान्तिक हिसाबले जनप्रतिनिधि कानून र विधि निर्माता हुन्। तर सांसदलाई नै विकास निर्माणको अगुवामा मानेर खेलमैदान, धारा, पानी, सिँचाइ, मन्दिर, गुम्बा, अस्पताल, बाटो, विद्यालयलगायतको माग सम्बोधन गर्नुपर्छ भन्ने कतिपय मतदाताको भावना रहेको छ,' नेता बर्तौलाले भन्नुभयो।

मतदातासँगको अन्तरक्रियामा नवपुस्तालाई राष्ट्रिय मामिला, स्वाधीनता, भौगोलिक अखण्डताका विषयमा अझ बढी साक्षात्कार गर्नुपर्ने महसुस भएको जनाउँदै उहाँले शासकीय प्रबन्ध, संवैधानिक व्यवस्था, दलीय व्यवस्थाका विशेषता, कार्यप्रकृति, लोकतान्त्रिक मूल्य मान्यता, संसद्, संसदीय मामिला र सांसदको भूमिकाका बारेमा बुझाउन ठूलो मेनहत गर्नुपर्ने बताउनुभयो।

नेता बर्तौलाले भन्नुभयो, 'सहिष्णुता र हार्दिकताभन्दा कुनै दल विशेषको छाताभित्र रहेर नै पनि कतिपय दल र उम्मेदवारप्रति आलोचना, आवेग, उत्तेजना, भड्काउजस्ता दृष्टिकोण समाजमा प्रकट गर्न खोजिनु अव्यावहारिक छ। त्यसमा सुधारको खाँचो छ।'

संसद्ले बजेट बनाउने हुँदा मतदाताले उठाएका विकास निर्माणसम्बन्धी माग सम्बोधन गर्ने कुरालाई स्वाभाविक रूपमा लिनुपर्ने बताउँदै उहाँले संसद्मा रहँदा गुणस्तरीय कानुन निर्माणमा जनप्रतिनधिले कति ध्यान दियो भन्ने प्रश्न भने अत्यन्त कमजोर रहेको छ भन्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं धनुषा निर्वाचन क्षेत्र नं ३ उम्मेदवार मनिष झा निर्वाचनप्रतिको उत्साह र परिवर्तनको माहोल राम्रो देखिएको प्रतिक्रिया दिनुहुन्छ । 'अधिकारको लडाईं लडिरहेको मधेसले कार्यकारी भूमिकामा मधेस पुत्र पुग्दै गर्दा त्यो अवसरलाई गुमाउन हुँदैन भन्ने आमबुझाइ छ,' उहाँले भन्नुभयो, 'हामीले 'डेलिभरी' दिन तयार छौँ, त्यही कुरा मात्रै उनीहरूको माग छ।'

मतदाताको ठूलो माग नभएकाले विमानस्थल होइन, सडकमा किन खाल्डो छ भन्ने कुरा सोधिरहेको उल्लेख गर्दै नेता झाले विकास निर्माणको लागतअनुसारको गुणस्तर कामय नहुनुले भ्रष्टाचार भइरहेको छ भन्ने जनताको बुझाइ गलत नभएको बताउनुभयो।

भ्रष्टाचार न्यूनीकरण, सुशासनसँगै सार्वजनिक यातायात र सेवा प्रवाहमा सहजीकरण होस् भन्ने जनताको माग रहेको उल्लेख गर्दै उहाँले मुलुक सङ्घीयतामा गइसकेपछि केन्द्रीकृत रहेको सेवा प्रवाहलाई पनि विकेन्द्रीत गर्नुपर्छ भन्ने जनआवाज अझै आफूले पाइरहेको जानकारी दिनुभयो।

सो निर्वाचन क्षेत्रमा पाँच पालिका र ३८ वटा वडा रहेको छ।

नेपाली कांग्रेसका नेता एवं रौतहट निर्वाचन क्षेत्र नं ४ का उम्मेदवार देवप्रसाद तिमिल्सिनाले आर्थिक अवस्था कमजोर रहेको देशमा खर्चिलो चुनाव पटकपटक हुँदा विकास निर्माणका लागि प्रयोग गर्नुपर्ने बजेट प्रभावित हुने विषयमा मतदाताबाट चासो र चिन्ता प्रकट भएको बताउनुभया । उहाँले भन्नुभयो, 'त्यो रकम विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानीमा लगानी गर्न पाए हुन्थ्यो भन्ने जनभावना छ, पाँच वर्षका लागि चुनेर पठाएका थियौँ, बीचैमा फर्केर फेरि मत माग्न आउनुभयो । देश र जनताको पक्षमा समयमै जेजस्तो काम गर्नुपथ्र्यो, त्यो समयमै नहुँदा यो अवस्था आएको हो कि भन्ने मतदाताको जिज्ञासा छ।'

निर्वाचनमा सफलता प्राप्त भएमा जनताको भावनालाई आगामी दिनमा पनि सदनमा उठाउन आफू लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै नेता तिमिल्सिनाले पछिल्लो समय उम्मेदवारभन्दा पनि मतदाता हरेक हिसाबले सजग र सचेत बन्दै गएको आफूले पाएको बताउनुभयो । 'शिक्षा, स्वास्थ्य, खानेपानी, आवास जिल्लाको मुख्य प्राथमिकता हुन् । निर्वाचनमा जनतामा निर्णायक भएकाले उहाँहरू रोजाइका आधारमा निर्वाचित हुने हो । नयाँ नेतृत्वसहित नयाँ एजेन्डा लिएर कांग्रेस अघि बढेको छ । यसपटक जनताको अपेक्षा पूरा गर्न सक्छौँ भन्ने विश्वास छ,' उहाँले भन्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेत्री एवं सल्यान निर्वाचन क्षेत्र नं १ का उम्मेदवार अनिशा नेपाली गाउँमा गएर मतदातासँग भेटघाटको क्रम चलिरहेको बताउनुभयो । 'आफूहरूले उठाएका विकास पूर्वाधारका काम पूरा नभएको भन्ने जनगुनासो छ । भौतिक पूर्वाधार, जनजीविकाका सबाल सम्बोधन भएनन् भन्ने भागलाई आफू विजयी भएको खण्डमा पूरा गर्नेछु,' उहाँले भन्नुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४ः५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# आधिकारिक स्रोतलाई मात्रै सूचना दिन आग्रह



**काठमाडौँ।**
निर्वाचन आयोगजका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सञ्चार माध्यमहरुले आधिकारिक स्रोतलाई मात्र आधार मानेर समाचार एवं सूचनाको प्रवाह गर्न आग्रह गरेका छन्।

सार्वजनिक सेवा प्रसारण नेपालले आयोजना गरेको 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ आचारसंहिता अभिमुखीकरण' विषयक कार्यक्रममा प्रमुख आयुक्त भण्डारीले निर्वाचनका क्रममा भ्रामक समाचार फैल्याउनबाट जोगिन सुझाव दिएका हुन् । उनले नागरिकलाई यतिबेला अत्यन्त सत्यतथ्य समाचार सामग्रीको खाँचो हुने हुँदा खास गरी सञ्चार माध्यमलले आचारसंहिताको पालना गर्ने र गराउने भूमिका निर्वाह गर्नुपर्ने बताए।

उनले भने, सञ्चार माध्यमले सकेसम्म निर्वाचनका समाचार लेख्दा आधिकारिक स्रोतमा मात्रै आधार बनाउनुहुन अनुरोध गर्छु । डिटिल प्लेटफर्म कृत्रिम बुद्धिमता (एआई) जस्ता एप्स प्रयोग गरेर यतिबेला सामाजिक सञ्जालमा कसैको छविमा आँच आउने खालका श्रव्यदृश्य सामग्री देखिएकाले यसलाई व्यवस्थापन गर्न निर्वाचन आयोगले मेटा, टिकटक लगायत सामाजिक सञ्जालसँग सम्झौता गर्न लागेको जानकारी दिए।

कार्यक्रममा आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचनको आचारसंहिता पालना गर्ने र गराउनका लागि निगरानी गर्ने दायित्व सञ्चार माध्यमको हुने बताए । उनले खास गरी नेपाल टेलिभिजन, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति (रासस) लगायतका सरकारी सञ्चार माध्यमले नागरिक समक्ष सत्य र आधिकारिक समाचार सम्प्रेषणमा बढी जिम्मेवार हुनुपर्ने बताए । उनले राससले सञ्चार गृहअन्तर्गत आन्तरिक रुपमा निर्वाचन आचारसंहिता बनाएकामा प्रशंसा गर्दै अन्य सञ्चार गृहले यस्तो अभ्यास सुरु गर्नुपर्ने बताए।

सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा नागरिकलाई सही सूचना दिने र निर्वाचन सफल पार्न सघाउ पुऱ्याउन सञ्चारमाध्यमले अहम भूमिका खेल्नुपर्ने बताए । सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा. महेन्द्र विष्टले सञ्चारमाध्यमले निर्वाचन आचारसंहितासँगै पत्रकारको आचारसंहिता ध्यानमा राखेर पत्रकारिता गर्न सुझाव दिए।

उनले सञ्चारकर्मी आफैँबाटै आचारसंहिता पालना भएको छ कि छैन भनि जाँच गर्नुपर्ने धारणा राखे । कुनैपनि पार्टीका उम्मेदवार वा विचार धाराका कुरा सामाजिक सञ्जालमा राख्ने जस्ता गतिविधि नगरी निष्पक्ष ढङ्गले पत्रकारिताको धर्म निभाउनुपर्ने उनको भनाई थियो । टेलिभिजनले देशभरका आफ्नो समाचारदातालाई भिडियो कलममार्फत निर्वाचन आचारसंहिताबारे अभिमुखीकरण तालिम दिएको छ । रासस

# आचारसंहिता उल्लंघन गर्नेलाई धमाधम स्पष्टीकरण




**काठमाडौँ।**
निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार, सरकारका पदाधिकारी र गैह्रसरकारी संस्थालाई स्पष्टीकरण मागेको छ । यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन्।

आयोगले काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई माघ ७ गते स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि हालसम्म जवाफ प्राप्त नभएको उनले बताए।

काठमाडौँ जिल्ला क्षेत्र नं ४ का उम्मेदवार भण्डारीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो । सो दफाअनुसार ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ।

यसैगरी कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको हो । सो दफामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ । सो दफाको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने भन्ने व्यवस्था छ । यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको हो।

दोलखा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो।

हालसम्म स्पष्टीकरण माग गरिएका आठ जनामध्ये खरेलले मात्र स्पष्टीकरण पेस गरेको आयोगका सहायक प्रवक्ता श्रीसले जानकारी दिइन् । खरेलले गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेस गरेको स्पष्टीकरण चित्तबुझ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत गराइएको आयोगले जनाएको छ।

आयोगले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेस गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो । त्यसको जवाफ पनि प्राप्त भएको छैन । यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेस गर्ने गरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो । परिषद्ले हालसम्म आयोगलाई स्पष्टीकरण पेस गरेको छैन । सरकार मातहतकै परिषद्लेसमेत आयोगलाई समयभित्र स्पष्टीकरण पेस नगरेको हो । नेपाली कम्युनिष्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) बमोजिम माघ ९ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । आचारसंहिताको दफा १३ मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण उल्लेख छ । बस्नेतले पनि हालसम्म स्पष्टीकरण बुझाएका छैनन्।

कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई पनि माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) बमोजिम तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । उनले पनि आयोगलाई स्पष्टीकरण बुझाएका छैनन् । राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट ओखलढुङ्गा जिल्ला निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विश्वराज पोखरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ण) बमोजिम माघ १० गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । यसको जवाफ पनि प्राप्त नभएको आयोगले जनाएको छ । रासस

# जिपी कोइराला उपचार केन्द्रको निरीक्षण



**तनहुँ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्मा गौतमले जिल्लाको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रको सोमबार निरीक्षण गरेकी छिन् । त्यस क्रममा उनले उपचार केन्द्रबाट भइरहेको सेवाप्रवाहबारे जानकारी लिएकी हुन्।

उपचार केन्द्रका कार्यकारी निर्देशक डा. रामकुमार श्रेष्ठले केन्द्रबाट प्रवाह भइरहेका सेवाबारे मन्त्री गौतमलाई जानकारी गराएका थिए । अघिल्लो सरकारका पालामा सम्पन्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार भारत सरकारसँग तीन सय शय्यामा अस्पताल स्तरोन्नतिका लागि सम्झौता प्रक्रिया अगाडि बढाउन मन्त्री गौतमको ध्यानाकर्षण गराइएको थियो।

जवाफमा स्वास्थ्यमन्त्री गौतमले उपचार केन्द्रलाई विशिष्ट अस्पतालको रूपमा विकास गरिने बताइन् । मन्त्रालयका सचिव डा. विकास देवकोटाले अस्पताललाई श्वासप्रश्वास अस्पतालको रूपमा विकास गर्नुपर्ने बताए।

पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा श्वासप्रश्वास सम्बन्धी विशिष्टिकृत सेवा दिन यहाँ अस्पताल स्थापना गरिएको थियो । सरकारले विसं २०६७ सोसम्बन्धी निर्णय गरेको थियो । हाल यहाँ पचास जनरल वाड सञ्चालनमा छन्।

विसं २०७५ सालमा सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हाल उपचार केन्द्रको नाममा ७४० रोपनी जग्गा प्राप्त भइसकेको छ । रासस

# चारजना यातायात व्यवसायी उम्मेदवार




**काठमाडौँ।**
यातायात व्यवसायी तथा मजदुरका मुद्दा बोकेर आगामी प्रतिनिधीसभा निर्वाचनमा चार यातायात व्यवसायी उम्मेदवार बनेका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले दिएको जानकारीअनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार व्यवसायीले उम्मेदवारी दिएका छन् । महासङ्घका केन्द्रीय अध्यक्ष विजयबहादुर स्वाँरले कैलाली क्षेत्र नं २, पश्चिम नेपाल यातायात व्यवसायी कम्पनीका विष्णु खड्काले सुर्खेत क्षेत्र नं १, वरिष्ठ व्यवसायी भागवतप्रकाश मल्लले स्याङ्जा क्षेत्र नं २ र कर्णाली यातायातका रमेश सापकोटाले सुर्खेत क्षेत्र नं २ बाट उम्मेदवारी दिएका हुन् । जसमध्ये स्वाँर, खड्का र मल्ल नेपाली कांग्रेसबाट र सापकोटा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवार बनेका हुन्।

महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले नेपालको सार्वजनिक यातायात क्षेत्रको नेतृत्व गर्दै नीति निर्माणको तहमा पुग्न चार जना व्यवसायी उम्मेदवार बनेको बताए । नीति निर्माण तहमा प्रतिनिधित्व नभएका कारण ठूलो लगानी र आर्थिक समृद्धिको बलियो आधार भए पनि यातायात क्षेत्र व्यवस्थित बनाउन हस्तक्षप हुन नसकेको उनको बुझाइ छ । रासस

# परराष्ट्रमन्त्री शर्मासँग एनआरएनएको भेटघाट



**काठमाडौँ।**
गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले परराष्ट्रमन्त्री बालानन्द शर्मासँग भेट गरेको छ । सङ्घका अध्यक्ष डा. बद्री केसीको प्रतिनिधिमण्डलले सोमबार भेट गरेको हो । सङ्घको १२ औँ महाधिवेशन तथा अन्तरराष्ट्रिय सम्मेलनको तयारीका सम्बन्धमा परराष्ट्रमन्त्री शर्मालाई जानकारी गराउन उक्त भेट गरेको जनाइएको छ।

सो टोलीले १२ औँ महाधिवेशनका लागि मूल आयोजक कमिटी गठनको प्रगतिबारे, सङ्घको १२औँ महाधिवेशन विशेषतः बृहत् एकतापछि आयोजना गर्न लागिएको महाधिवेशन सम्पन्न गर्ने विषयमा छलफल गरेको सङ्घले जनाएको छ।

एनआरएनएको महाधिवेशनका लागि परराष्ट्रमन्त्रीको अध्यक्षतामा नेपाल सरकार उच्चस्तरिय आयोजक समिति गठन गर्ने व्यवस्था छ।

मन्त्री शर्माले परराष्ट्र मन्त्रालयले तयार गरेको गैरआवासीय नेपालीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा थप परिमार्जन गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको सङ्घका उपाध्यक्ष डा. हेमराज शर्माले जानकारी दिए । रासस

# समानुपातिकतर्फको मतपत्र छपाइ सम्पन्न



**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतपत्र छपाइकार्य सम्पन्न भएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा आज समानुपातिकतर्फको दुई करोड आठ लाख ५० हजार प्रति मतपत्र छपाइकार्य सम्पन्न भएको केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले जानकारी दिए।

केन्द्रले सोमबारबाटै प्रत्यक्षतर्फको मतपत्र छपाइकार्य सुरु गर्ने उनले जानकारी दिए । केन्द्रले यसअघि १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेर निर्वाचन आयोगलाइ पठाइसकेको जनाएको छ । रासस

# आन्तरिक उत्पादनमा आधारित उपभोग बढाउन आवश्यकः अर्थमन्त्री



**काठमाडौँ।**
अर्थमन्त्री रामेश्वरप्रसाद खनालले आयातमा आधारित उपभोगलाई क्रमशः आन्तरिक उत्पादनले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् । ७४औँ अन्तरराष्ट्रिय भन्सार दिवसका अवसरमा भन्सार विभागद्वारा सोमबार आयोजित कार्यक्रममा बोल्दै उनले आन्तरिक उत्पादन वृद्धि नगरी मुलुकको अर्थतन्त्र सुधार गर्न सहज नहुने स्पष्ट पारे।

उनले आन्तरिक उत्पादनले प्रतिस्थापन गर्न सक्ने वस्तुहरू अनावश्यक रूपमा आयात भइरहेको अवस्थामा ऐन–कानुनमार्फत त्यसलाई नियन्त्रण गर्नुपर्ने बताए । अर्थतन्त्रलाई टेवा पुग्नेगरी आन्तरिक उत्पादन प्रवर्द्धन गर्ने स्पष्ट नीति निर्माण आवश्यक रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले भन्सार ऐनको प्रभावकारी कार्यान्वयन र भन्सार नियमावली छिट्टै ल्याउने विषयलाई प्राथमिकतामा राखिएको जानकारी दिए।

निजी क्षेत्रले उठाएका केही माग क्रमशः सम्बोधन हुँदै गएको उल्लेख गर्दै उनले सुधारका राम्रा कामको प्रारम्भिक चरणमा आलोचना आउनु स्वभाविक भएको बताए । सुधार निरन्तर चलिरहने प्रक्रिया भएको जनाउँदै त्यसका लागि नेतृत्व तहबाटै दृढ पहल आवश्यक रहेको उनको भनाइ छ।

तराईका जिल्लामा लागूऔषध दुव्र्यसनीको समस्या बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले नेपालमा आयात गर्न प्रतिबन्धित वस्तुहरू कसरी भित्रिरहेका छन् भन्ने विषयमा प्रश्नसमेत उठाए । अन्तरराष्ट्रिय भन्सार दिवसको अवसर पारेर उत्पत्तिको प्रमाणपत्र राष्ट्रिय एकद्वार प्रणालीमार्फत मात्र जारी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । अब क्युआर कोडसहितको उत्पत्तिको प्रमाणपत्र अनलाइनमार्फत जारी हुनेछ।

कार्यक्रममा अर्थ सचिव घनश्याम उपाध्यायले भन्सार क्षेत्रमा केही व्यावहारिक सुधार आवश्यक रहेको बताए । फरक–फरक भन्सार कार्यालयबीच हुने मूल्याङ्कनमा एकरूपता नहुँदा समस्या देखिएकाले अनलाइन मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ । साथै, भन्सार प्रशासनमा व्यवहारगत सुधार र सदाचार पद्धतिको विकास अपरिहार्य रहेको उल्लेख गर्दै भन्सार प्रशासनको मुख्य उद्देश्य व्यापार सहजीकरण भएको बताए । भन्सारलाई पारदर्शी र सहज कार्यसम्पादनमा केन्द्रित गर्नुपर्नेमा उनले जोड दिए।

महालेखानियन्त्रक शोभाकान्त पौडेलले भन्सार प्रशासन कुनै डर वा प्रलोभनमा चल्नु नहुने बताए । सहज र छरितो सेवा प्रवाहले व्यापार लागत घट्ने भएकाले त्यसतर्फ केन्द्रित हुनुपर्ने उल्लेख गर्दै उनले सुन, केराउ, पेस्तादाना र सुपारीजस्ता वस्तुको अवैध आयातमा कतै भन्सार कर्मचारीको संलग्नता त छैन भन्ने शङ्का गर्ने अवस्था देखिएको धारणा व्यक्त गरे।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले नयाँ भन्सार ऐन कार्यान्वयनमा आएको, भन्सार डाटाबेस प्रणाली लागू भएको जस्ता सुधारका काम अघि बढेको जानकारी दिए । भन्सार प्रशासन राजस्व सङ्कलनको माध्यम मात्र नभई सीमाको सुरक्षा, व्यापार सहजीकरण र आपूर्ति श्रृङ्खलालाई चुस्त बनाउने महत्वपूर्ण निकाय भएको उनको भनाइ छ । नयाँ भन्सार सुधार तथा आधुनिकीकरण रणनीतिको मस्यौदा तयार हुँदै रहेकाले त्यसलाई छिटो स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा उनले जोड दिए।

लोकसेवा आयोगका सचिव रामेश्वर दङ्गालले सन्दर्भ मूल्य पुस्तिकाका आधारमा गरिँदै आएको भन्सार मूल्याङ्कनभन्दा कारोबार मूल्यका आधारमा मूल्याङ्कन गर्ने व्यवस्था लागू हुनु सकारात्मक भएको बताए । भन्सार प्रशासन क्रमशः व्यवस्थित, स्वचालित र प्रविधियुक्त बन्दै गएको उनको धारणा छ।

७४औँ अन्तरराष्ट्रिय भन्सार दिवसका अवसरमा भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले भन्सार सुधार तथा आधुनिकीकरण योजनाले व्यापार सहजीकरण, राजस्व सङ्कलन, सूचना प्रविधिको प्रयोग र सङ्गठनात्मक सुदृढीकरणमा सकारात्मक प्रभाव पारेको बताए।

उनका अनुसार विभागले २०६० सालदेखि योजनाबद्ध रूपमा अघि बढाएको सुधार कार्यक्रमको परिणामस्वरूप अन्तरराष्ट्रिय मापदण्डअनुसारको भन्सार प्रणाली विकास हुँदै गएको छ।

महानिर्देशक भण्डारीले विराटनगर भन्सार कार्यालयबाट सुरु गरिएको अनलाइन कस्टम भ्यालुएसन डाटाबेस प्रणाली हाल सबै भन्सार कार्यालयमा लागू गरिएको जानकारी दिए । पुरानो भन्सार मूल्याङ्कन सन्दर्भ पुस्तिका खारेज गरिएको उल्लेख गर्दै यसले व्यापार लागत घटाउने, पारदर्शिता बढाउने, वैध व्यापार प्रवर्द्धन गर्ने र अवैध व्यापार नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । रासस

# माछापालनबाट आत्मनिर्भर बन्दै शैलेन्द्र



**झापा ।**
विदेश जानु नै सफलता हो भन्ने आम बुझाइकाबीच झापाको हल्दीबारी–४ जलथलका शैलेन्द्र सिटौलाले भने विदेशबाट फर्किएर नेपालकै माटोमा पसिना बगाउँदा आत्मसन्तुष्टि र आर्थिक उन्नति दुवै सम्भव छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् । स्नातक तहको अध्ययन सकेपछि सन् २०१५ मा भिजिट भिसामा संयुक्त अरब इमिरेट्स (यू.एई.) को दुबई पुगेका शैलेन्द्र त्यहाँ एक वर्ष पनि टिकेनन् । मरुभूमिको देशमा सीमित पानी र प्रतिकूल वातावरण हुँदाहुँदै पनि आधुनिक प्रविधिको प्रयोग गरेर कृषि र पशुपालन सफलतापूर्वक गरिएको देखेपछि उनको सोच बदलियो । 'यदि मरुभूमिमा खेती सम्भव छ भने हरियाली नेपालमा किन हुँदैन ?' यही प्रश्नले उनलाई स्वदेश फर्काइदियो ।

विस २०७४ मा नेपाल फर्किएपछि शैलेन्द्रले हल्दीबारीमा दुई बिघा क्षेत्रफलमा माछापालन सुरु गरे । सुरुवातमा करिब १० लाख रुपैयाँ लगानी गरी पोखरी, तटबन्धलगायतका संरचना निर्माण गरे । हाल उनका पाँच वटा पोखरी छन्, जहाँ व्यावसायिक रूपमा माछापालन भइरहेको छ । उनको फार्ममा मुख्यतया पंगास जातका माछा पालिन्छन् । साथै केही मात्रामा कार्प प्रजातिका माछा पनि छन् । साना पोखरी भने माछाको भुरा उत्पादनका लागि छुट्टै राखिएको छ । हाल उनको पोखरीमा करिब ३५ हजार भुरा छन् ।

बजारमा बिक्रीका लागि तयार माछा एक केजीदेखि अढाई केजीसम्मका छन् । वार्षिक रूपमा करिब ३० टन माछा बजारमा पठाउने गरेको शैलेन्द्र बताउँछन् । माछापालनमार्फत उनले तीन जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । 'आफूले विदेश जानुपर्ने बाध्यता नपरोस् भन्ने मेरो चाहना हो,' उनी भन्छन्, 'यही व्यवसायले अरूलाई पनि रोजगारी दिएको छ, यही नै ठूलो उपलब्धि हो ।'

खर्च कटाएर वार्षिक १६ लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको उनको भनाइ छ । कुल लगानीको करिब २० प्रतिशत नाफा लिन सकिएको छ । सुरुवातदेखि नै माछापालन व्यवसाय राम्रो चलिरहेको शैलेन्द्रको अनुभव छ । यद्यपि सफलतासँगै चुनौती पनि कम छैनन् । सबैभन्दा ठूलो समस्या बजार र मूल्य भएको उनी बताउँछन् । उनका अनुसार किसानबाट माछा प्रतिकेजी २४० रुपैयाँमा किनिन्छ, तर त्यही माछा बजारमा ३०० देखि ३५० रुपैयाँसम्ममा बिक्री हुन्छ । 'हामी उत्पादन गर्छौं, जोखिम लिन्छौँ, तर मूल्य निर्धारण बिचौलियाले गर्छ,' उनको गुनासो छ । मुख्य बजार विर्तामोडस्थित कृषि थोक बजार भए पनि किसानको पहुँच र प्रभाव सीमित रहेको उनको भनाइ छ ।

अर्को समस्या भारतबाट अवैध रूपमा भित्रिने माछा हो । शैलेन्द्रका अनुसार भारतबाट कतिपय मरेका माछा फर्मालिन प्रयोग गरेर नेपाली बजारमा भित्रिन्छन्, जसले उपभोक्ताको स्वास्थ्यमा जोखिम त बढाउँछ नै, स्वदेशी किसानलाई मूल्य पनि घटाएर बेच्न बाध्य बनाउँछ । 'यदि सरकारले दुई–तीन महिना मात्र भारतबाट आउने माछा कडाइका साथ नियन्त्रण गरिदिने हो भने हामीजस्ता किसानलाई ठूलो राहत मिल्थ्यो,' उनी भन्छन् । शैलेन्द्र आफूलाई कृषक भनेर चिनाउन पाउँदा गर्व गर्नुहुन्छ । 'कृषि पेसा सम्मानित पेसा हो,' उनले भने, 'यसले आत्मसन्तुष्टि दिन्छ । मेरो लागि सबैभन्दा ठूलो कमाइ यही हो ।'

उनका अनुसार युवा विदेशिनु बाध्यता हो, तर यदि नीति, बजार र संरक्षण सही भए धेरै युवा नेपालमै टिक्नसक्ने शैलेन्द्रको ठम्याइ छ । रासस

# भैँसीपालनबाट किसानको फेरिँदै जीवनस्तर



**कञ्चनपुर ।**
कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाका थारु समुदाय पछिल्लो समय व्यावसायिक भैँसीपालनतर्फ आकर्षित भएका छन् । दूध बिक्रीबाट मनग्य आम्दानी हुन थालेपछि थारु समुदायको जीविकोपार्जन सहज हुनुका साथै बचत गर्ने बानीको विकास भएको छ । शुक्लाफाँटा नगरपालिका–२ गुल्लरपट्टीका चन्द्रलाल चौधरीले विगत छ वर्षदेखि व्यावसायिक भैँसीपालन गर्दै आएका छन् । उनले दैनिक नौ लिटर दूध उत्पादन गर्छन् । जसमध्ये दुई लिटर घरमा राखेर सात लिटर डेरीमा बिक्री गर्छन् । प्रतिलिटर रु ७० का दरले दूध बेचेर उनले दैनिक रु चार सय ९० र मासिक रु १४ हजार सात सय आम्दानी गर्दै आएका हुन् । 'दूध बिक्रीबाट आएको पैसाले नून, तेल, औषधिमुलो र लुगाफाटोको खर्च टरेको छ,' चौधरीले भने, 'बैंकबाट ऋण लिएर किनेको ट्याक्टरको किस्ता तिर्न धौधौ परेका बेला यही भैँसीको दूधले ठूलो सहारा दिएको छ ।' भैँसीलाई चारो खुवाउनेदेखि गोबर सोहोर्नेसम्मका सबै काम उनी आफैँ सम्हाल्छन् ।

यसैगरी नगरपालिका–११ का वडा सदस्य जयसिंह रानाले पनि व्यावसायिक रूपमा भैँसी पालेका छन् । दैनिक छ लिटर दूध डेरीमा पु¥याउने राना भन्छन्, 'भैँसी पाल्न थालेपछि घरमा खर्चको अभाव कहिल्यै भएको छैन, अहिले त उल्टै अरुलाई सापटी दिन सक्ने भएका छौँ ।' सोही वडाका तौला रानाले पनि दूध बिक्रीबाटै नातिनातिनीको बोर्डिङ स्कुलको शुल्क तिरिरहेको बताए ।

पहिले दूध बेच्न हिचकिचाउने थारु समुदायमा अहिले व्यावसायिकताको लहर चलेको छ । आँचल डेरीका सञ्चालक ललित हमालका अनुसार अहिले दैनिक दूध ल्याउने थारु समुदायका व्यक्तिको सङ्ख्या बढ्दो छ । 'पहिले एक–दुई जना मात्रै दूध बिक्रीका लगि आउने गरेका थिए, अहिले ३० जनाभन्दा बढीले नियमित दूध बिक्री गरिरहेका छन्,' हमालले भने ।

व्यावसायिक भैँसीपालनले थारु समुदायका विपन्न अवस्थाका परिवारलाई आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाउन र अन्य व्यापार व्यवसायमा लगानी गर्नसमेत सक्षम बनाएको छ । थारु समुदायमा फैलिएको यो उत्साहले स्थानीयस्तरमा स्वरोजगारको राम्रो उदाहरण प्रस्तुत गरेको हमाल बताउँछन् । 'दुध बिक्री गर्न आउने थारु समुदायका व्यक्तिहरुलाई हामीले पनि प्रोत्साहित गर्दै आएका छौँ' उनले भने, 'दूधको गुणस्तर अनुसारको मूल्य हातोहात दिने गरेका छौँ ।' रासस

# महिला टी–२० विश्वकप ग्लोबल छनोट नेपाल स्कटल्यान्डसँग पराजित



**काठमाडौँ ।**
आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोटमा नेपाल स्कटल्यान्डसँग पराजित हुँदै प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ । किर्तिपुरस्थित त्रिवि क्रिकेट रङ्गशालामा सोमबार भएको समूह चरणको अन्तिम खेलमा नेपाल स्कटल्यान्डसँग ७२ रनले पराजित हुँदै प्रतियोगिताबाट बहिरिएको हो । जितका लागि १४१ रनको लक्ष्य पछयाएको नेपालले १३ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ६८ रनमा समेटियो । नेपालका लागि रोमा थापाले अविजित १४ रन बनाइन् । त्यस्तै विन्दु रावलले १४ तथा रुविना क्षेत्रीले १० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । स्कटल्यान्डका लागि अब्ताहा मकसुदले सर्वाधिक तीन विकेट लिइन् । त्यस्तै क्याथरिन फ्रेजर र कप्तान क्याथरिन ब्राइसले समान दुई–दुई विकेट लिए । यसैगरी राहेल स्लेटर र ओलिभिया बेलले समान एक एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १४० रनको योगफल बनाएको थियो । स्कटल्यान्डका लागि प्रियनाज चटर्जीले सर्वाधिक ४५ रनको योगदान दिइन् भने एल्सा लिस्टरले २२, सारा ब्राइसले १८, मेगन म्याककोलले १७ तथा राहेल स्लेटरले ११ रन बनाए । नेपालका लागि मनिषा उपध्यायले सर्वाधिक चार विकेट लिइन् भने रुविना क्षेत्रीले तीन विकेट लिइन् । त्यस्तै रिया शर्मा, सीता रानामगर र कविता जोशीले समान एक–एक विकेट लिए । यस हारसँगै चार खेल खेलेको नेपालले एकमा जित तथा बाँकी खेलमा पराजय भोग्यो । दुई अङ्क जोडेको नेपाल समूह 'बी' को चौथो स्थानमा रह्यो । जित निकालेको स्कटल्यान्डले भने समान खेलबाट चार अङ्कका साथ सुपर सिक्सको यात्रा तय गरेको छ ।

## आयरल्याण्ड सुपर सिक्समा



आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोट प्रतियोगिताअन्तर्गत सोमबार भएको समूह चरणको खेलमा आयरल्याण्डले नामिबियामाथि सात विकेटको जित निकाल्दै सुपर सिक्समा प्रवेश गरेको छ । त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्दै नामिबियाले निर्धारित २० ओभरको खेलमा आठ विकेटको क्षतिमा १०७ रन बनायो । नामिबियाका लागि क्यालिन ग्रिनले ३२ तथा विल्का वाटिलले २८ रन बनाइन् । बलिङतर्फ आयरल्याण्डकी जेनी मागुयर र लारा एमब्राइडले तीन÷तीन विकेट लिइन् ।

जवाफी ब्याटिङ गर्ने क्रममा आयरल्याण्डले १४ दशमलव दुई ओभरमा दुई विकेटको क्षतिमा ११० रन बनायो । आयरल्याण्डका लागि प्लेयर अफ दी म्याच ओर्ला प्रेनडरगस्टले ३९ र कप्तान ग्याबी लुइसले ३३ रनको योगदान दिइन् । नामिबिया विश्वकप छनोटको समूह चरणबाट बाहिरिएको छ । रासस

# 'महको माग बढ्दो छ बिक्री गर्न बजारको समस्या छैन'

**गण्डकी ।**
पोखरा महानगर क्षेत्रमा दुई हजारभन्दा बढी व्यक्ति मौरीपालन व्यवसायमा सम्लग्न छन् ।

पछिल्ला वर्षमा मौरीपालनतर्फ सर्वसाधारणको आकर्षण बढिरहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिए । महानगरभित्रका वडामध्ये विशेषतः १६, १८, २०, २३, २६, २८, ३०, ३३ लगायतका वडामा मौरीपालनतर्फ आकर्षण बढिरहेको छ । महानगरभित्र हाल वार्षिक ९० टन जति मह उत्पादन हुने गरेको बताउँदै उनले त्यो बढ्दो क्रममा रहेको उल्लेख गरे ।

उनका अनुसार महानगर क्षेत्रमा विशेषतः सेरेना जातका मौरीपालन गर्ने गरिएको छ । 'बजारमा महको माग बढ्दो छ, उत्पादन गर्न सकेमा बजारको समस्या छैन', उनले भने, 'यस क्षेत्रमा मह उत्पादनको सम्भावना राम्रो भएका कारण आयआर्जनको महत्वपूर्ण विकल्प बन्ने देखिन्छ ।' मौरीपालनबाट अन्य कृषिजन्य उत्पादनमा पनि फाइदा पुग्ने उनले बताए ।

पछिल्ला समयमा मौरीपालन व्यवसायलाई व्यावसायिक बनाउनका लागि समय समयमा विभिन्न किसिमका तालिम पनि प्रदान गर्दै आइएको छ । अन्नपूर्ण बहुप्राविधिक शिक्षालयको आयोजना तथा पोखरा महानगरपालिका व्यवसाय प्रवद्र्धन केन्द्रको समन्वयमा यहाँका किसानलाई आइतबारदेखि ६५ दिने मौरीपालक तह – १ तालिम दिन सुरु गरिएको छ ।

पोखरा महानगरपालिका–२६ लेखनाथ ढलेपिपल कृषि सेवा केन्द्रमा तालिमको सुरुआत गरिएको शाखा प्रमुख कडरियाले जानकारी दिए । तालिममा महानगर क्षेत्रका २० अगुवा किसान सहभागी बनेको उनले बताए । रासस

# अमेरिकी फिर्तीको कारण सही नभएको डब्ल्युएचओ प्रमुखको दावी




**जेनेभा ।**
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले शनिबार अमेरिकाले विश्वव्यापी स्वास्थ्य अनुगमनकारी संस्था (डब्ल्युएचओ)बाट पछि हट्नुपर्ने कारणलाई 'असत्य' भनेका छन् । सामाजिक सञ्जाल एक्समा डब्ल्यूएचओ प्रमुख टेड्रोसले टिप्पणी गर्दै भने, 'यो कदमले संयुक्त राज्य अमेरिका र विश्वलाई 'कम सुरक्षित' बनाउनेछ ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो दिन सन् २०२५ जनवरी २० मा संयुक्त राष्ट्रसङ्घको विशेष निकायबाट औपचारिक रूपमा बाहिरिने कार्यविधिमा हस्ताक्षर गरेका थिए । त्यसको दुई दिनपछि संयुक्त राष्ट्रसङ्घले औपचारिक सूचना प्राप्त गरेको थियो । संयुक्त राष्ट्रसङ्घको बडापत्र अनुसार यो फिर्ती सूचना दिएको एक वर्षपछि लागू हुनेछ ।

डब्लुएचओको धेरै महान उपलब्धिहरूमा संस्थापक सदस्यको रूपमा संयुक्त राज्य अमेरिकाले गरेको योगदानको प्रशंसा गर्दै टेड्रोसले एक्समा गरेको पोस्टमा लेखेका छन्, 'दुर्भाग्यवस, डब्ल्यूएचओबाट बाहिरिने अमेरिकाको निर्णयको कारणमा सत्यता छैन ।' अमेरिकी कदमले अमेरिका र विश्व दुवैलाई सुरक्षित बनाउने र भविष्यमा डब्लुएचओमा सक्रिय सहभागितामा फर्कने आशा व्यक्त गरे ।

डब्लुएचओले शनिबार एक विज्ञप्ति जारी गरी ट्रम्प प्रशासनले लगाएको आरोपको खण्डन गर्दै अमेरिकी फिर्तीप्रति खेद व्यक्त गरेको थियो । अमेरिकी फिर्तीले त्यस्ता मुद्दाहरू उठाउँछ, जुन डब्ल्यूएचओको कार्यकारी समितिले सन् २०२६ फेब्रुअरी २ मा सुरु हुने नियमित बैठकमा र मेमा हुने विश्व स्वास्थ्य सम्मेलनले आफ्नो वार्षिक बैठकमा विचार गर्नेछ । डब्लुएचओको एक प्रेस अधिकारीले सिन्ह्वासँग भने, 'परिणामहरूको सामना गर्न डब्ल्यूएचओ सचिवालयले हाम्रा परिचालक निकायहरूको सल्लाह र मार्गदर्शनमा तदनुसार कार्य गर्नेछ ।' ती अधिकारीका अनुसार अमेरिकाले आफ्नो सदस्यता बक्यौता भुक्तान गर्न बाँकी छ । 'आजसम्म, संयुक्त राज्य अमेरिकाले सन् २०२४ र सन् २०२५ को लागि आफ्नो मूल्याङ्कन योगदानको तोकिएको रकम भुक्तानी गरेको छैन,' अधिकारीले भने ।

अमेरिकास्थित नेसनल पब्लिक रेडियो (एनपीआर) ले रिपोर्ट गरेअनुसार यो दुई बर्षको कुल बक्यौता रकम लगभग २७८ मिलियन अमेरिकी डलर हुन आउँछ । रासस

# अमेरिकामा आँधीका कारण कम्तीमा १० जनाको मृत्यु

**अमेरिका ।**
संयुक्त राज्य अमेरिकाका विभिन्न भागहरूमा आएको एक भयानक आँधीले कम्तिमा १० जनाको ज्यान लिएको छ । आँधीका कारण सार्वजनिक यातायात सेवा, उडान सेवा रद्द र बिजुली कटौती भएको छ । आँधीको असर सोमबारसम्म अत्यधिक देखिने बताइएको छ ।

आँधीबेहरीसँगै परेको व्यापक हिम बर्षाले देशका अधिकांश भूभाग प्रभावित भएको भन्दै आर्कटिक हावाको प्रभाव धेरै दिनसम्म रहँदा सामान्य जनजीवन लामो समय (केही दिन) सम्म प्रभावित हुनसक्ने बताइएको छ । अमेरिकी राष्ट्रिय मौसम सेवा (एनडब्ल्यूएस) ले अमेरिकीहरूलाई सोमबार बिहानसम्म मौसममा कुनै सुधार नआउने बताएको छ ।

न्यूयोर्कका मेयर जोहरान ममदानीले सप्ताहन्तमा चिसो तापक्रमबीच पाँच जना मृत फेला परेको बताएका छन् । यद्यपि, उनले मृत्यु मौसमसँग सम्बन्धित भएको पुष्टि गरेनन् । उनले पत्रकारहरूसँग भने, 'यसपहिले यति अत्यधिक चिसोको मलाई सम्झना छैन ।'

टेक्सासमा हिउमा चिप्लिएर खेल्ने खेल (स्लेजिङ) दुर्घटनामा एक १६ वर्षीया किशोरीको मृत्यु भएको अधिकारीहरूले पुष्टि गरेका छन् । लुइजियानामा अत्यधिक चिसो (हाइपोथर्मिया) का कारण दुई जनाको मृत्यु भएको यहाँको स्वास्थ्य विभागले जनाएको छ ।

'पावर आउटेज डट कम' नामक विद्युत सेवा अवरूद्धताबारे जानकारी दिने 'साइट'मा आइतबार रातिसम्म आँधीबाट बढी प्रभावित क्षेत्रमा आठ लाख ४० हजारभन्दा बढी ग्राहकहरू विद्युतको सेवाबाट बञ्चित भएको उल्लेख गरिएको छ । लुइसियाना, मिसिसिपी र जर्जियामा पनि करिब तीन लाख मानिस आँधीबेहेरीका कारण सामना गर्नुपरेको विद्युत कटौतीबाट प्रभावित भएका छन् ।

अमेरिकाको सङ्घीय राजधानी वासिङ्टनले कम्तिमा २० राज्यमा सङ्कटकाल घोषणा गरेका छन् । वाशिङ्गटनका बासिन्दाहरू विहान उठ्दा फुटपाथ र सडकहरूमा धेरै इन्च हिउँले ढाकिएको पाइएको बताएका छन् । संघीय कार्यालयहरू सोमबारका लागि अघिल्लो दिनको मौसमी खरावीसम्बन्धी सूचनापछि बन्द गरिएको छ ।

वाशिङ्गटन, फिलाडेल्फिया र न्यूयोर्कका धेरै प्रमुख विमानस्थलमा लगभग सबै उडानहरू रद्द भएका छन् ।

शनिबारदेखि देश भित्र आउने र बाहिरजाने १९ हजारभन्दा बढी उडानहरू रद्द भएका बताइएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा भनेका छन्, 'हामी यस आँधीबेहरीको बाटोमा सबै राज्यहरूसँग निगरानी र सम्पर्कमा रहनेछौँ । सुरक्षित र न्यानो रहनुहोस् !' रासस

# नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक

**काठमाडौँ ।**
चलचित्र विकास बोर्डले हाल चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गरेको छ । बोर्डअन्तर्गत रहेको 'सिनेपा २ बक्सअफिस'ले प्रदर्शनरत नेपाली चलचित्रको गएको माघ १० गते शनिबार सम्मको कारोबार सम्बन्धी विवरण सोमबार सार्वजनिक गरेको हो ।




गत पुस ४ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'झरीपछिको इन्द्रेणी' पनि घरेलु बक्सअफिसमा उत्साहजनक कमाई गर्न सकेको छैन । हास्य कलाकार अर्जुन घिमिरे 'पाँडेल' ले निर्देशन गरेको उक्त चलचित्रले यही माघ ३ गतेसम्म रु एक करोड २३ लाख ८८ हजार कमाई गरेको छ । उक्त चलचित्रका लागि कुल तीन हजार २१७ टिकट बिक्री भएका छन् ।
भ्रष्टाचार र बेथितिविरुद्धको आवाज चलचित्रमा उठाउन प्रयास गरिएको उक्त चलचित्रमा अभिनेता गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, विमोचन दवाडी, जेसिका पोखरेल, प्रियना आचार्य (मुन्नी), अंशु महर्जन, राजेन्द्र नेपालीलगायत कलाकारले अभिनय गरेका छन् ।
गत पुस १० गतेदेखि प्रदर्शन भएको नेपाली चलचित्र 'मुगलान'ले रु ६ लाख ३१ हजार कमाई गरेको छ । अभिनेता प्रभात पाल, स्मारिका ढकाल, श्री शिवांशु, दिनेश डिसी, मोती सुवेदी, रामचन्द्र अधिकारीलगायत कलाकारले अभिनय गरेको उक्त चलचित्रको दुई हजार ४०० टिकट बिक्री भएका छन् । आशिष ढकालको निर्देशनमा तयार भएको उक्त चलचित्रले न्यून कमाई गरेको छ । गत पुस १७ देखि प्रदर्शन भएको चलचित्र 'एक्लो'ले राम्रो व्यापार गर्न सकेको छैन । प्रदीप शाहीको निर्देशनमा तयार भएको उक्त चलचित्रले रु ४६ लाख ९५ हजार कमाई गरेको छ । अभिनेता प्रदीप खड्का, दिनेश डिसी, विजय लामा, बेनिशा हमाल, कविता नेपालीलगायत कलाकारले अभिनय गरेको उक्त चलचित्रको १४ हजार २५५ टिकट बिक्री भएका छन् । दर्शकबाट सकारात्मक समीक्षा प्राप्त गर्न नसकेपछि उक्त चलचित्रले राम्रो व्यापार गर्नसकेको छैन ।
नेपाली वैकल्पिक राजनीतिका प्रणेता एवं अभियन्ता स्व उज्वल थापाको जीवनीमा आधारित वृत्तचित्र 'दिमाग घोप्ने मान्छे'ले सोही अवधिसम्म रु तीन लाख १२ हजार कमाई गरेको छ । गत पुस २५ देखि देशभरका सीमित चलचित्र भवनमा प्रदर्शन भएको उक्त वृत्तचित्रलाई उज्वल थापा फाउन्डेसनको निर्माण गरेको हो । सुदीप भाजुद्वारा निर्देशित उक्त वृत्तचित्रले उज्वल थापाको बाल्यकाल, वैदेशिक शिक्षा, स्वदेश फिर्तीपछिको नागरिक जागरण अभियान र वैकल्पिक राजनीतिमा उनले पु¥याएको योगदानलाई समेटेको छ । एक व्यक्तिको सक्रियताले समाजमा कसरी अर्थपूर्ण परिवर्तन ल्याउन सक्छ भन्ने सन्देश वृत्तचित्रले दिएको छ । यो वृत्तचित्र निर्माणका लागि सर्वसाधारणबाट रु पाँच लाखसम्मको आर्थिक सहयोग प्राप्त भएको थियो । नेपाली नागरिक चेतना, उद्यमशीलता र सामाजिक रुपान्तरणको कथा बोकेको 'दिमाग घोप्ने मान्छे'ले अपेक्षाकृत व्यवसाय भने गर्न सकेन ।
यही माघ १ गतेदेखि माघेसङ्क्रान्तिलाई लक्षित गर्दै प्रदर्शन भएको तीन चलचित्रले उत्साहजनक व्यापार गर्न नसकेको बोर्डद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । 'बल्छी धुर्वे' का रुपमा टेलीश्रृङ्खलामा परिचित मरिचमान श्रेष्ठले निर्देशन गरेको चलचित्र 'गोबर गणेश'ले रु एक करोड १४ लाख ३५ हजार कमाई गरेको छ । निर्देशक श्रेष्ठसँगै वर्षा शिवाकोटी, विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानियाँ, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पूजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत कलाकारको अभिनय गरेको उक्त चलचित्रको ४० हजार २३४ टिकट बिक्री भएका छन् ।
यही माघ १ देखि नै प्रदर्शन भएको चलचित्र 'मिरमिरे'ले रु ३३ लाख ७२ हजार कमाई गरेको छ । बुबाछोरी बीचको भावनात्मक सम्बन्ध र त्रिकोणात्मक प्रेमकथामा आधारित उक्त चलचित्रमा दयाहाङ राई, प्रकाश सपुत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेलको अभिनय गरेका छन् । यम शेर्पाको निर्देशनमा तयार भएको उक्त चलचित्रको १० हजार ८१३ टिकट बिक्री भएका छन् ।
अभिनेता सौगात मल्लले अभिनय गरेको चलचित्र 'भाइरल गोर्खे'ले सोही अवधिमा रु ३४ लाख ५३ हजार कमाई गरेको छ । सामाजिक सञ्जालको बढ्दो दबदबाबीच विश्वभर 'भाइरल' बन्ने ध्याउन्नमा रहेकालाई केन्द्रित गर्दै तयार गरिएको गएको माघ १ गतेदेखि प्रदर्शन भएको उक्त चलचित्रलाई निगम श्रेष्ठले निर्देशन गरेका छन् । अभिनेता मल्लसँगै अभिनेत्री तथा पूर्वमिस नेपाल सृष्टि श्रेष्ठ, बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमलालगायतले अभिनय गर्नुभएको उक्त चलचित्रको १० हजार ६०५ टिकट बिक्री भएका छन् ।
चलचित्र विकास बोर्डले पछिल्लो केही महिनादेखि नेपालमा प्रदर्शन भएका स्वदेशी र विदेशी चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गर्दै आएको छ ।

**चलचित्र विधेयक, २०८१ सम्बन्धी प्रतिवेदन समितिबाट पारित**

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले चलचित्र विधेयक, २०८१सम्बन्धी प्रतिवेदन पारित गरेको छ । समितिका सभापति तुलसाकुमारी दाहालको अध्यक्षतामा सोमबार सिंहदरबारमा बसेको समिति बैठकले प्रतिवेदन पारित गरेको र उक्त प्रतिवेदन मङ्गलबार राष्ट्रियसभामा पेस हुने जनाइएको छ ।
प्रतिवेदनमा चलचित्र विकास बोर्डको स्वायत्तता, चलचित्र छायाङ्क गर्ने बेलामा पठाउने अधिकृतको काम, कर्तव्य र अधिकार ऐनमै लेख्ने, चलचित्र सेन्सर बोर्डका ठाउँमा प्रमाणीकरण समिति र चलचित्रलाई वर्गीकरण गरेर जानेलगायत विषय रहेका छन् ।
बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले उक्त ऐनमा ४४ दफामा परिमार्जन गरिएको हुँदा यसबाट चलचित्र क्षेत्रले सामाजिक, सांस्कृतिक र मनोरञ्जन क्षेत्रको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । नेपालको आर्थिक, सांस्कृति तथा मनोरञ्जन आफैँमा महत्वपूर्ण क्षेत्र भएकाले यो क्षेत्रलाई मर्यादित र समयसामयिक बनाउनुपर्ने आवश्यकता भएकाले संशोधन गर्नुपरेको उनले स्पष्ट पारे ।
समितिका सभापति दाहालले चलचित्र क्षेत्र मनोरञ्जनको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा ठूलो सहयोग पुग्ने उल्लेख गर्दै उक्त प्रतिवेदनले यस क्षेत्रलाई थप विकास र विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । रासस

# त्रिविको परीक्षा प्रणाली विकेन्द्रित गर्न माग



**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरुले परीक्षासम्बन्धी कामका लागि देशका जुनसुकै कुनाबाट पनि काठमाडौँ नै आउनुपर्ने अवस्था अन्त्य गर्न माग गरेका छन् । विश्वविद्यालयका स्वविवु सभापति दीपकराज जोशीका अनुसार विश्वविद्यालयलले परीक्षा प्रणाली विकेन्द्रीकरण नगर्दा मौका परीक्षा तथा स–साना कामका लागि पनि काठमाडौँ नै आउनुपर्ने विद्यार्थीको बाध्यता रहेको छ । खासगरी दुर्गमका र कमजोर शारीरिक अवस्थाका विद्यार्थी यसबाट बढी पीडित छन् उनले बताए ।
मागबारे ध्यानाकर्षण गराउन सोमबारदेखि परीक्षा नियन्त्रण कार्यालयको प्रवेशद्वारमा धर्ना सुरु गरिएको सभापति जोशीले जानकारी दिए । यसको समाधानका लागि कम्तीमा आफ्ना प्रदेश भित्रै परीक्षा दिन पाउने व्यवस्था हुनुपर्ने विद्यार्थीको माग छ ।
विश्वविद्यालय एप चलाउन पटक–पटक भन्यौँ, तर अहिलेसम्म भएको छैन । त्रिविको परीक्षा नियन्त्रण कार्यालय समयअनुरुप डिजिटल हुन नसक्नु र काठमाडौँ केन्द्रित संरचनाका कारणले विद्यार्थीले अनावश्यक दुःख पाइरहेका छौँ स्वविवु सदस्य प्रदीप कार्कीले बताए । पहिलेभन्दा केही सुध्रिएपनि अधिकांश नतिजा ढिलो आउने गरेको उनको भनाइ छ ।
विद्यार्थीले हरेक प्रदेशमा मौका परीक्षा केन्द्र, परीक्षा प्रणालीको पुनःसंरचना, शोधपत्रको मूल्याङ्कन प्रदेशमै, समयमै परीक्षा र समयमै नतिजाको सुनिश्चितता, पूर्ण डिजिटल प्रणाली, प्रमाणपत्र वितरणको विकेन्द्रीकरण तथा पुनः योग र पुनःपरीक्षणको सुदृढीकरण जस्ता माग राखेका छन् । रासस

# मापदण्डबमोजिम कागजातसहित भुक्तानी दाबी गर्न अनुरोध

**काठमाडौँ ।**
स्वास्थ्य बीमा बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई बोर्डको मापदण्डबमोजिम कागजातसहित दाबी प्रविष्ट गर्न अनुरोध गरेको छ । बोर्डले जथाभावी रूपमा मापदण्ड विपरीत स्वास्थ्य बीमाबापत भुक्तानी दाबी गरेपछि स्वास्थ्य संस्थालाई एक समिति बनाई दाबीको पुनरावलोकन गर्न आग्रह गरेको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए ।




स्वास्थ्य बीमा गरे बापतको दाबीसहित हामीले पठाएको विवरणमा धेरै नै त्रुटि हुने गर्दछन् उनले भने, 'स्वास्थ्य संस्थाले गर्ने दाबी बापतको रकमलाई पुनः एकपटक त्यही स्वास्थ्य संस्थामा पुनरावलोकन गर्नका लागि समिति बनाउनु आग्रह गरेको हौँ ।' उनले स्वास्थ्य बीमा रियल टाइम दाबी गर्नेसम्बन्धी कार्यविधि–२०८० अनुसार दाबी रुजु तथा मूल्याङ्कन प्रक्रियालाई थप सहज बनाई सेवा प्रदायक स्वास्थ्य संस्थाका दाबीमा हुने अस्वीकृत दर घटाउनका लागि सम्बन्धित स्वास्थ्य संस्थाले पुनरावलोकन समिति बनाउन आवश्यक रहेको बताए ।
बोर्डले स्वास्थ्य संस्थाबाट दाबी प्रविष्ट गर्नुपूर्व समितिले नै दाबीउपर पुनरावलोकन तथा रुजु गरी त्यसपश्चात् मात्र बोर्डको मापदण्डबमोजिम कागजात सहितको दाबी प्रविष्ट गर्न अनुरोध गरेको छ । बोर्डले तोकिएको मापदण्डअनुसार प्राप्त नभएका स्वास्थ्य बीमा गरे बापतको दाबीको भुक्तानी नगर्ने सूचना अधिकारी मल्लले बताए ।
उका अनुसार स्वास्थ्य बीमा बोर्डमा एक दिनमा १० करोड बराबरको रुपैयाँ स्वास्थ्य संस्थाहरूले भुक्तानीका लागि दाबी पेस गर्ने गरेका छन् । अहिलेसम्म करिब रु १२ अर्ब स्वास्थ्य बीमाबापत ती स्वास्थ्य संस्थालाई बोर्डले भुक्तानी गर्न बाँकी रहेको छ । रासस

# नगद कारोबारको सीमा बढाउन माग



**काठमाडौँ ।**
यही माघ १ गतेदेखि नगद कारोबारको सीमा रु पाँच लाख तोकिएपछि यसले व्यावसायिक क्रियाकलापमा समस्या सिर्जना गरेको निजी क्षेत्रले जनाएको छ । अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा निजी क्षेत्रका छाता संस्थाहरूले नगद कारोबारको सीमा बढाउनुपर्ने माग गरेका हुन् ।
अर्थमन्त्री रामेश्वरप्रसाद खनालसमेत उपस्थित रहेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले रु पाँच लाखभन्दा माथिको कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने व्यवस्थामा संशोधन आवश्यक रहेको बताए ।
महासङ्घका अध्यक्ष ढकालले बैंकिङ पहुँच र यसको प्रयोग देशका सबै स्थानमा पुग्न नसकेको अवस्थामा रु पाँच लाखसम्म मात्रै नगद कारोबार गर्न पाउने व्यवस्थाले व्यवसायीहरूलाई समस्या सिर्जना गरेको उल्लेख गरे । यस्तो सीमा तोकिनुका पछाडि नेपाल सम्पत्ति शुद्धिकरणसम्बन्धी विषयमा 'ग्रे लिस्ट'मा रहेकाले सरकार र केन्द्रीय बैंकमाथि अन्तर्राष्ट्रिय क्षेत्रबाट दबाब परेको हुन सक्ने उनको भनाइ थियो ।
अध्यक्ष ढकालले लगानी वातावरण सहज बनाउने तथा निजी क्षेत्र प्रवद्र्धन गर्ने आर्थिक नीतिमा संशोधन गर्नका लागि अहिले सही समय रहेको धारणा व्यक्त गरे । भन्सार राजस्वलाई मात्र प्राथमिकता दिनेभन्दा मुलुकभित्रका उद्योग–व्यवसाय तथा उद्यमशीलता प्रवद्र्धन गर्ने नीतिमा सरकार अघि बढ्नुपर्ने उनको जोड थियो । साथै होटल तथा पर्यटन क्षेत्रले अन्य उद्योगसरह राज्यबाट पाउने सुविधा प्राप्त गर्न नसकेको उल्लेख गरे ।
त्यसैगरी नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्सार प्रशासन राष्ट्रिय अर्थतन्त्र र व्यापार सहजीकरणका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र भएको बताउँदै आर्थिक सुशासन कायम गर्न सक्नुपर्ने आवश्यकता औँल्याए । उनले विद्यमान भन्सार ऐनमा रहेका दण्ड–जरिवानासम्बन्धी व्यवस्था कठोर र अव्यवहारिक रहेको आरोप लगाए ।
अग्रवालले मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदर कायम गरिनुपर्ने आवश्यकता औँल्याउँदै नेपाललाई वैवाहिक कार्यक्रमका लागि उत्कृष्ट गन्तव्य (वेडिङ डेस्टिनेसन) का रूपमा विकास गर्न त्यस्ता कार्यक्रमका लागि नेपाल आउने सामग्रीमा भन्सार सहजीकरण हुनुपर्ने बताए । साथै रु पाँच लाखभन्दा बढीको कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने व्यवस्थाले व्यवसायीलाई समस्या सिर्जना गरेको उनको भनाइ थियो ।
कार्यक्रममा भन्सार एजेन्ट महासङ्घका अध्यक्ष प्राचिनकुमार थैवले अवैध व्यापार नियन्त्रण, आर्थिक विकास, राजस्व सङ्कलन तथा वैदेशिक व्यापार सहजीकरणका लागि पारदर्शी र प्रविधिमैत्री भन्सार प्रणाली विकास गर्न जोड दिनुभयो । रासस

# 'कल सेन्टर'मा नामावलीसम्बन्धी जिज्ञासा धेरै



**काठमाडौँ ।**
निर्वाचन आयोगद्वारा सञ्चालित कल सेन्टरमा मतदाता नामावलीका बारेमा धेरैले जिज्ञासा राख्ने गरेका छन् । मतदाता नामावलीमा नाम भए नभएको बारे धेरै जिज्ञासा प्राप्त भइरहेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले यही माघ ५ गतेदेखि कलसेन्टर सञ्चालन गरेको हो । कल सेन्टरले मतदाता, सरोकारवालाका विभिन्न जिज्ञासाको जवाफ दिने गरेको छ । आयोग परिसरमा सुरु भएको कल सेन्टरमा हिजो आइतबारसम्म ८८२ जनाले जिज्ञासा राखेका छन् ।
यस अवधिमा मतदाता नामावलीका विषयमा ४२० जिज्ञासाको सम्बोधन भएको छ । निर्वाचन आचारसंहिताका विषयमा ७२ प्रश्नको सम्बोधन गरिएको छ । मतदाता शिक्षासम्बन्धी ३६ र अन्य २६४ प्रश्नको जिज्ञासा सम्बोधन गरिएको आयोगले जनाएको छ । यसबाहेकका जिज्ञासा निर्वाचनसम्बन्धी अन्य विषयमा राखिएको थियो ।
आयोगले कल सेन्टरमार्फत बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म जिज्ञासाको जवाफ दिने गरेको छ । निःशुल्क टोल फ्री नम्बर ११०२ मा कल गरेर मतदाता, नागरिक र सरोकारवाले जिज्ञासा राख्न सक्छन् । एकै पटक १५ जनासम्मले फोन गर्दा कलहरु होल्डमा नरहने जनाइएको छ । निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र वितरण नभएसम्म कल सेन्टर सञ्चालनमा रहने सहायक प्रवक्ता जिसीले बताए । रासस

# देशभर विपद्का २४ घटना सबैभन्दा बढी आगलागी




**काठमाडौँ ।**
पछिल्लो २४ घण्टामा देशभर २४ वटा विपद्का घटना घटेका छन् । हिमाली तथा उच्च पहाडी जिल्लामा हिमपातका कारण जनजीवन समेत प्रभावित भएको छ । विपद्का अधिकांश विवरणमा आगजनीका घटना शीर्ष स्थानमा छ । हिउँदको समयमा आगलागीका घटनामा उल्लेख्य बृद्धि हुने र जनधनको समेत क्षति हुने गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।
प्राधिकरणका अनुसार देशभर १६ वटा आगलागीका घटना घटेका थिए । असावधानीका कारण परालको कुन्युमा आगो लागेको, हावाहुरीले आगो उडाउँदा अन्य क्षति भएको तथा आगो ताप्दा असावधानीका कारण आगो फैलन गई घाइते भएका जस्ता विवरण सार्वजनिक भएका छन् । विपद्मा परेर कूल रु २५ लाख ३० हजार बराबरको क्षति भएको जनाइएको छ । त्यसैगरी सात जना घाइते भएका छन् ।
प्राधिकरणको विवरण अनुसार मोरङमा दुई, सुनसरी, भोजपुर, सप्तरी, सिरहामा एक÷एक वटा आगलागीका घटना भएका थिए । सर्लाही, रौतहट, बारा, रामेछाप, मकवानपुर, काठमाडौँ, पाल्पा, प्यूठान, कैलालीमा पनि आगलागीका घटना घटेका थिए ।
त्यसैगरी बाग्लुङ, रुकुम पूर्व, हुम्ला, बझाङ र बैतडीमा हिमपातका कारण जनजीवन प्रभावित भएको छ ।सप्तरी, कपिलवस्तु र डोटीमा भने जनावरको आक्रमणका घटना घटेका छन् । प्राधिकरणले विपद्बाट जोगिन, सावधानी अपनाउन सबैलाई आग्रह गरेको छ । रासस



***मन्त्रिपरिषद्को बैठकः*** *प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सोमबार बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठक । तस्बिर सौजन्यः प्रधानमन्त्रीको सचिवालय*

# महोत्तरी २ मा अनुभवी नेताहरुसँग नयाँ उम्मेदवारको प्रतिस्पर्धा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ मा जसपा नेपालबाट शरतसिंह भण्डारीले उम्मेदवारी दिएका छन् भने नेपाली कांग्रेसबाट किरण यादवले उम्मेदवारी दिएका छन् । यी दुई पुराना र अनुभवी नेताहरुका बीचमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट दीपककुमार साहले उम्मेदवारी दिएका छन् । यो निर्वाचन क्षेत्रमा २०७४ सालमा निर्वाचन हुँदा भण्डारीले कांग्रेस उम्मेदवार यादवलाई नै पराजित गरेर प्रतिनिधिसभा पुगेका थिए । २०७९ सालको निर्वाचनमा पनि भण्डारी नै निर्वाचित भएका थिए ।

फागुन २१ गते हुने निर्वाचनकालागि फेरि भण्डारी र यादवबीचको प्रतिस्पर्धा हुने भएको छ । तर यी दुई उम्मेदवारहरुकाबीच रास्वपाका उम्मेदवार साहको उम्मेदवारीले पनि चर्चा पाइरहेको छ । रास्वपाका उम्मेदवार यी नेताहरु पटकपटक शासनमा पुग्दासमेत महोत्तरी २ को अवस्था ज्युँको त्युँ नै छ । महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ को भूमि उर्वर र समथर हुँदाहुँदै समेत कर्णालीभन्दा पनि पछाडि पर्नुमा यीनै नेताहरु जिम्मेबार रहेको साहको आरोप छ । उनले महोत्तरी २ शिक्षा, स्वास्थ्य, इन्फ्रास्ट्रक्चर तयार लगायतको क्षेत्रमा एकदमै पछाडि पर्नु चिन्ताको विषय रहेको उनको भनाइ छ । साहले भने 'यो क्षेत्र पछाडि पर्नुमा यहाँबाट जितेर गएका नेताहरुको नेतृत्व क्षमताको अभाव र पैरवी गर्न सक्ने क्षमता अभाव मूल कारण हो ।' उनले यो क्षेत्र उर्वर रहेकाले यस क्षेत्रको विकासकालागि नेतृत्व गर्न सक्ने नेताको आवश्यक्ता रहेको बताए । उनले आफू महोत्तरी निर्वाचन क्षेत्र २मा शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा विकास गर्ने आफूसँग योजना रहेको बताए । उनले महोत्तरी २लाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा समेत विकास गर्न सकिने बताए । तर यसकालागि बालेन मोडेल सरकार मुलुकमा हुनु आवश्यक रहेको बताए ।

# मनाङमा प्रत्यक्षतर्फ तीन चिन्हमा मतदान हुने

**मनाङ ।**

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा हिमाली जिल्ला मनाङमा प्रत्यक्षतर्फ तीन चिह्नमा मतदान हुने भएको छ । नेपाली कांग्रेसको रुख, नेपाली कम्युनिष्ट पार्टीको रातो तारा र मङ्गोल नेशनल अर्गनाइजेसनको भाले चिन्हमा मतदान हुने भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले नेपाली कांग्रेसलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएपछि तीन चिन्हमा मतदान हुने टुङ्गो लागेको मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले जानकारी दिए । 'निर्वाचनका लागि पाँच दलबाट उम्मेदवारी परेकामा दुई दलले उम्मेदवारी फिर्ता लिएपछि मतपत्रमा तीन वटा चिन्ह मात्रै रहने भएको हो,' उनले भने ।

नेपाली कांग्रेससका टेकबहादुर गुरुङ, नेकपाका यशोदा सुवेदी गुरुङ र मङ्गोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ 'नवीन' चुनावी मैदानमा छन् । एउटा मात्रै प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको मनाङमा कूल सात हजार मतदाता छन् । देशकै सबैभन्दा कम मतदाता रहेको यस जिल्लामा एक अस्थायीसहित २९ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । यहाँको निर्वाचन सम्पन्न गर्न १७१ जना कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# वीरगंज–२४ मा रास्वपाको भेटघाट, एकताबद्ध भएर परिवर्तनको यात्रामा अघि बढ्न उम्मेदवार कानुको आह्वान

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य पदका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुशील कुमार कानुले वीरगंज महानगरपालिका–२४ बहुवरीमा स्थानीय युवाहरूसँग भेटघाट गरेका छन् । उक्त भेटघाट कार्यक्रममा विभिन्न क्षेत्र र पृष्ठभूमिबाट आएका युवाहरूले स्वतःस्फूर्त रूपमा रास्वपासँग आबद्ध हुँदै निर्वाचन अभियानमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूले आगामी निर्वाचनमा घण्टी छापको पक्षमा जनमत सिर्जना गर्ने जिम्मेवारी आफूहरूले लिने बताएका छन् ।



कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार कानुले युवाहरू नै देश रूपान्तरणका प्रमुख शक्ति भएको बताए । उनले पुरानो राजनीतिक प्रवृत्ति र निराशाबाट आजित युवाहरू आशा र भरोसाका साथ रास्वपामा जोडिँदै गएको उल्लेख गर्दै यसलाई सकारात्मक परिवर्तनको संकेतका रूपमा व्याख्या गरे । युवाहरूसँगै नयाँ राजनीतिक संस्कार स्थापित गर्ने प्रतिवद्धता व्यक्त गर्दै उनले जिल्लाभर युवाको समर्थन तीव्र रूपमा बढिरहेको दाबी गरे । कानुले देशमा आवश्यक परिवर्तन रास्वपाबाटै सम्भव हुने विश्वास पनि व्यक्त गरे । कार्यक्रममा सहभागी स्थानीय युवा विकास कुशवाहले आफूहरूले विगतमा धेरै नेताहरू देखेको तर अपेक्षित काम नदेखिएको बताए । अब युवाले नयाँ नेतृत्व खोजिरहेको र त्यसको विकल्प रास्वपामा भेटिएको उनको भनाइ थियो । सफा राजनीति र जबाफदेही नेतृत्वका पक्षमा वीरगंज–२४ का अधिकांश युवाहरू घण्टी छापमा मतदान गर्न तयार रहेको उनले स्पष्ट पारे ।

भेटघाट कार्यक्रमको अन्त्यमा उम्मेदवार कानुले उपस्थित सबै युवालाई पार्टीमा स्वागत गर्दै एकताबद्ध भएर परिवर्तनको यात्रामा अघि बढ्न आह्वान गरेका थिए ।

# सर्लाहीको मलंगवामा दादुरा रोगको महामारी

**मधेशदृष्टि**
**मलंगवा ।**

सदरमुकाम मलंगवा नगरपालिकामा दादुरा रोगको महामारी फैलिइसकेको पाइएको छ । २३ जना बढी बालबालिकामा दादुरा रोगको संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा. नवलकिशोर झाले बताए । संक्रमित बालबालिकालाई आइसोलेशनमा राखिएको प्रमुख झाले बताए ।

मलंगवा ३ मा डेरा गरी बस्ने चन्द्रनगर गाउँपालिका पोखरियाका १ बालकमा पुस २२ गते दादुरा पुष्टि भएको थियो । बालक डेरा गरेर बसेको बस्तीका थप ६ जना थप बालबालिकामा ३ दिनअघि दादुराको संक्रमण पुष्टि भएपछि स्थानीय प्रशासन, जिल्ला स्वास्थ्य कार्यालय तथा मलंगवा नगरपालिका एक्सनमा आएको हो । दादुराको पहिलो केस देखा परेपछि यहाँका सरोकारवाला निकाय कानमा तेल हालेर सुतेका थिए । अहिले आएर २३ भन्दा बढी बालबालिकामा दादुराको संक्रमण पुष्टि भएपछि प्रशासन र सम्बन्धित निकाय एम्सनमा आएको स्थानीयले बताए ।

दादुरा पुष्टि भएका बालबालिका अहिले घरमै 'आइसोलेटेट' भएर बसेको बताइए पनि संक्रमण पुष्टि भएको यकिन संख्या हालसम्म प्रमाणित भएको छैन । त्यसैले सर्लाहीको मलंगवा दादुरा रोगको इपिसेन्टर बन्दै गएको स्थानीय अर्जुन रायको भनाई छ । मलंगवाको एक क्लिनिकमा उपचारका लागि पुगेका बालबालिकामा शंकास्पद लक्षण देखा परेपछि शुक्रराज ट्रपिकल तथा तथा सरुवारोग अस्पताल टेकुमा रगतको नमूना लगेर परीक्षण गर्दा दादुरा पुष्टि भएपछि यहाँको प्रशासन हर्कतमा आएको हो । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मंन्त्री जंगीलाल रायले दादुराको महामारी रोक्न आवश्यक कदम चालेको बताए । जनचेतना अभावले मलंगवामा दादुराको महामारी फैलिएको मन्त्री रायको भनाई छ । प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले भने दादुराको महामारी फैलिएपछि खोप लगाउने कार्यलाई द्रुतगतिमा सञ्चालन गरेको बताए । संक्रमित बालबालिकालाई सुरक्षित स्थानमा आइसोलेसनमा राखिएको कडरियाले बताए ।



सर्लाहीका सबै स्थानीयतहमा दादुरो रोग विरुद्धको खोप लगाउन अभियान चालु गरेको कडरियाको भनाइ छ । दादुरा भाइरसका कारण सुरुमा उच्च ज्वरो आउने, खोकी लाग्ने, नाकबाट पानी बग्ने, आँखा रातो हुने, ३ देखि ५ दिनपछि अनुहार तथा शरीरका विभिन्न भागमा खटिरा आउने लगायतका लक्षण देखा पर्छन् । दादुराबाट एक जना संक्रमित भए, उसले १२ देखि १८ जनासम्मलाई दादुरा सार्न सक्ने चिकित्सकको अनुमान छ । श्वासप्रश्वासको माध्यमबाट सर्ने यो रोग हाच्छयुँ गर्दा, खोक्दा, संक्रमित व्यक्तिले नाक–मुख छोएर हात नधुँदा सजिलै सर्न सक्छ । विशेष गरी बालबालिकालाई दादुरा रोगको संक्रमण छिट्टै हुनसक्छ । दादुरा रोग लागिसकेपछि यसको उपचार छैन । दादुरा रोग लाग्नु भन्दा पहिला नै रोगविरुद्ध सरकारले निःशुल्क खोप लगाउने गरेको छ । दादुरा रोग लागेका बालबालिकालाई समयमा उपचार गरिएन भने ज्यानसमेत जानसक्ने जोखिम रहेको स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको छ ।

त्यसैले आफनो गाउँ, समाज र टोलमा दादुरा रोगबाट बच्न र बचाउन जनचेतना फैलाउन जिल्ला प्रशासनले सम्बन्धित निकायलाई आग्रह गरेको छ । दादुराबाट बच्न जन्मजात बच्चा ९ महिना र १५ महिनामा दुईपटक खोप लगाउने गरिन्छ । खोप लगाउन छुटेका बच्चालाई यो रोग लाग्ने उच्च जोखिम रहेकोले आआफनो बच्चालाई नियमित खोप लगाउन आमजनतामा स्थानीय प्रशासन तथा स्वास्थ्य कार्यालयले आह्वान गरेको छ ।

स्वास्थ्य कार्यालय सर्लाहीका खोप फोकल पर्सन सुशील झाले विश्व स्वास्थ्य संगठन, युनिसेफ, स्वास्थ्य कार्यालय, नगरपालिका कार्यालयलगायत निकायले समन्वय गरेर सोमबारदेखि मलंगवा नगरपालिका ३ तथा छेउछाउमा पर्ने वडा नं. २, ४, ८, ९ र १० मा ६ महिनादेखि १४ वर्षसम्मका बालबालिकालाई 'इम्युनिटी' प्रदान गर्नेसहित दादुराविरुद्धको खोप लगाइने जानकारी दिए । २३ जना बढिबालबालिकामा दादुरा रोगको संक्रमण पुष्टि भए पछि सोमबारदेखि जिल्लाभर विशेष खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य कार्यालय मलंगवाका प्रमुख डा. नवलकिशोर झाले जनाएको छ ।

# माघ तेस्रो सातादेखि एचपिभी खोप लगाइँदै




**काठमाडौँ ।**

सरकारले यस वर्ष पनि पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप बालिका तथा किशोरीहरुलाई लगाउने भएको छ ।

स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले यही महिनाको तेस्रो सातादेखि देशव्यापी अभियानका रुपमा एचपिभी खोप लगाइने जानकारी दिए । 'खोप अभियानअन्तर्गत यस वर्ष विद्यालय भर्ना भएका कक्षा ६ मा पढ्ने छात्रा र विद्यालय भर्ना नभएका १० वर्ष उमेर समूहका बालिकाहरुलाई खोप लगाइने छ,' उनले भने, 'कक्षा ६ मा पढ्ने ११ र १२ वर्षसम्मका छात्राले पनि खोप पाउने छन् ।

फागुनको पहिलो हप्तासम्म लक्षित किशोरी तथा बालिकाहरुलाई खोप लगाइसक्ने हाम्रो तयारी छ ।' उनले अहिले खोप लगाउने स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिरहेको बताए ।

सरकारले गत वर्ष माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका करिब १७ लाख किशोरीलाई खोप लगाएको थियो । शाखा प्रमुख गौतमले गत वर्ष खोप लगाउन छुटेका बालिकाहरुलाई पनि यसवर्ष खोप प्रदान गरिने जानकारी दिए । गत वर्ष छुटेका ११ देखि १४ वर्षसम्मका बालिकाहरुलाई यसपटक खोप लगाइने छ ।

उनका अनुसार यस वर्ष करिब तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइने छ । सरकारले उक्त खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा चीनबाट नेपाल आइपुगेको उनले जानकारी दिए ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ ।

# चितवन र पर्सा राष्ट्रिय निकुञ्जका बाघ गणनामा एकभाग बाँकी



**वीरगंज ।**

चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा गत पुस ३ गतेदेखि सुरु भएको बाघ गणनाको दोस्रो भागको काम सकिएको छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर गाणना गरिँदैछ । यसभित्र तीन भाग बनाइएको थियो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार दोस्रो भागकोसमेत गणना सकेर क्यामेरा निकाल्ने काम सुरु गरिएको छ । उनले भने, 'आज देखि क्यामेरा उठाउने काम सुरु भएको छ । दुई देखि तीन दिनमा क्यामेरा उठाउने काम सकिने छ ।' उनका अनुसार तालिम दिएका १५० गणकहरू गणनामा खटिएका छन् ।

दोस्रो भागमा १३ क्याम्प बनाएर गणक खटिएको निकुञ्जका सूचना अधिकारी मगरले बताए । यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर, हँुदै, बोटे सिमारा, स्वमेश्वर, बगइ, अम्बुवा हुँदै सिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको थियो । ती क्यामेरा निकाल्न थालिएको हो ।

यो भागलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको थियो । एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखेर बाघ गाणना गरिएको हो । मगरका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखेर बाघ गणना गरिने छ । तेस्रो भाग अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्जमा क्यामेरा रखिने छ । दोस्रो भागमा राखिएका क्यामेरा उठाएर ती क्षेत्रमा राखिने उनले जानकारी दिए । चितवन–पर्सा ब्लकमा ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिँदै छ । यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गर्न लागिएको हो । यसँ ंगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि बाघ गणना गरिँदै छ ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको सूचना अधिकारी मगरले बताए । हरेक चार वर्षमा बाघ गणना गरिँदै आइएको छ । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदार गणनामा सहभागी भएका छन् । ग्रिडहरूको बीचभागमा पर्ने ठाउँमा गणना गर्ने प्राविधिक क्याम्प खडा गरेर बस्ने गरेका छन् ।

गणकहरूले भूगोल अनुसार आठदेखि बाह्रसम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने सूचना अधिकारी मगरले जानकारी दिए । 'ग्रिडबाट क्यामेरा निकालेपछि अध्ययन थालिने छ । बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेरा राखिने छ । ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ,' उनले भने ।

बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइने उनले बताए । उनका अनुसार हरेक बाघको पाटा फरक–फरक हुने गर्दछन् । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वयस्क बाघ रहेका तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा एक सय २८, बर्दिया निकुञ्जमा एक सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए ।

# विज्ञापनका विषयमा विद्यमान कानून र अवस्थाबारे अन्तरक्रिया

**नेपालगञ्ज ।**

विज्ञापन बोर्डले विज्ञापनका विषयमा विद्यमान कानून र त्यसको अवस्थाबारे सरोकारवालासँग अन्तक्रिरया गरेको छ ।

बोर्डले यहाँ आयोजना गरेको 'विज्ञापन नियमनमा सरोकारवालाको भूमिका' विषयक अन्तक्रिरयामा सङ्घबाहेक प्रदेश र स्थानीय सरकारले पनि यसलाई कार्यान्वयन गर्न सुझाव दिइयो ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङ्ले विज्ञापनको विषय उपभोक्तासँग गाँसिएको विषय भएको उल्लेख गर्दै विभिन्न 'प्लेटफर्म'मा आएका विज्ञापनलाई नियन्त्रण र नियमन गर्न समन्वयकारी भूमिका निर्वाह गरिने बताए ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले विज्ञापनले मनोसामाजिक रुपमा प्रभाव पारेको उल्लेख गर्दै नेपालमा मदिराको विज्ञापन गर्न रोक लगाउनु मञ्चको ठूलो उपलब्धि भएको बताए ।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईले विज्ञापन बोर्डको अधिकार प्रयोग गरेर स्थानीय तहले काम गर्न सक्ने उल्लेख गर्दै जथाभावी रुपमा प्रयोग भएको होर्डिङ बोर्डले सहरी सौन्दर्यकरण बिगारेको बताए ।

स्थानीय तह र प्रदेश सरकारले विज्ञापनका विषयमा गर्ने नियमन र जरिवानाका विषयमा जानकारी गराइएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन